वर्ष : १७, अंक : १७, काठमाडौं, २०७८ साउन २२ गते शुक्रबार, 6 August 2021, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।– (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

## उपेन्द्रले जवाफ दिनुपर्छ : महन्थ

काठमाडौं । जनता समाजवादी पार्टी नेपालका अध्यक्ष महन्थ ठाकुरले अर्का अध्यक्ष उपेन्द्रमाथि विभिन्न आरोपहरु लगाउँदै जनतालाई जवाफ दिन तयार बस्नुपर्ने बताएका छन् ।

अध्यक्ष ठाकुरले बुधबार चार पृष्ठको अपिल जारी गर्दै यस्तो भनेका छन् । उनले उपेन्द्रले जसपा फुटाउनका लागि निर्वाचन आयोगमा निवेदन दिएको आरोप लगाएका छन् ।

उनले अपिलमा भनेका छन्, 'आफू १८ महिना मा.केपी शर्मा ओलीको सरकारमा बस्दा माग र मुद्दाको सवालमा एउटा सिन्को भाँच्न नसक्नेले हामी १८ दिनमै माग र मुद्दाहरु पूरा गराउँदा हामीलाई औंला देखाइरहेका छन् ।'

## पार्टीमा फर्कौं : उपेन्द्र

काठमाडौं । जनता समाजवादी पार्टी (जसपा)का अध्यक्ष उपेन्द्र यादवले पार्टीबाट अलग भएका वा अलमलमा परेकालाई हिचकिचाहटबिना पार्टीमा फर्किन आग्रह गरेका छन् ।

उनले बिहीबार विज्ञप्ति जारी गर्दै महन्थ ठाकुर र राजेन्द्र महतो पक्षमा लागेका तर अहिले अलमलमा परेकाहरूलाई पार्टीमा फर्किन आग्रह गरेका हुन् ।

'निर्वाचन आयोगले पार्टीबारे आधिकारिकतासम्बन्धी निर्णय गर्नु भन्दापूर्व कुनै कारणले पार्टीबाट अलग हुन पुग्नु भएका वा अन्यन्त्र अलमलमा पर्नु भएका पार्टीका सम्पूर्ण साथीहरूलाई कतै अलमलमा नपरी बिना हिचकिचाहट पार्टीमा फर्किएर अग्रगमन र वैकल्पिक शक्ति निर्माणमा अगाडि बढ्नु हुन अपिल गरिन्छ,' यादवको विज्ञप्तिमा उल्लेख छ ।

जसपामा विवाद हुँदा निर्वाचन आयोगले उपेन्द्र यादव पक्षलाई आधिकारिकता दिएको थियो ।

यादवले केही अग्रमन नचाहने, उपलब्धिलाई उल्टाउन चाहने यथास्थितिवादी, अलोकतान्त्रिक र प्रतिगमनकारी शक्तिहरूले पार्टीलाई षड्यन्त्रमूलक ढंगले फुटाउन खोजेको बताए ।

ती शक्तिहरू पार्टीलाई 'फुटाउ र राज्य गर' नीति अनुरूप सक्रिय रहेको यादवले उल्लेख गरे ।

# के पाक्दैछ जसपा भित्र ?

## ठाकुर संघर्षको रणनीतिमा, यादव संगठन सुदृढीकरणतिर

**मधेशवाणी डेस्क**

काठमाडौं । आन्तरिक शक्ति संघर्षको कारण व्यवहारिक रुपमा विभाजित भइसकेको जनता समाजवादी पार्टी नेपाल (जसपा) राजनीतिकरुपमा विभक्त भइसकेको छ ।

२०७७ वैशाख १० मा तत्कालीन यादव नेतृत्वको समाजवादी पार्टी र महन्थ ठाकुर नेतृत्वको राष्ट्रिय जनता पार्टीबीच एकीकरण भएको थियो ।

उपेन्द्र यादवले आफूसँग कार्यकारिणी समितिमा बहुमत रहेको भन्दै असार ४ मा निर्वाचन आयोगमा दलको आधिकारिकता मागदाबी गरेका थिए ।

असार २४ मा आयोगले एकीकरणपछि बनेको जनता समाजवादी पार्टीलाई मान्यता दिएको थियो जसपाले एकीकरणका बेला गठन गरेर आयोगमा बुझाएको ५१ कार्यकारिणी समितिमा २६ जना तत्कालीन राजपा पक्षको र २५ जना समाजवादी पार्टीका थिए ।

तर, अहिले ठाकुर पक्षका ९ जना यादव पक्षमा गएका छन् । यादव पक्षमा ३४ र ठाकुर पक्ष पक्षमा १६ कार्यकारिणी सदस्यले सनाखत गरेका थिए । राजनीतिक दलसम्बन्धी ऐनको दफा ४४ (६) ले केन्द्रीय समितिमा बहुमत पुऱ्याउने पक्षलाई आधिकारिकता दिएपछि ठाकुर पक्षलाई नयाँ दल दर्ताका लागि अवसर दिनसक्ने व्यवस्था गरेको छ ।

निर्वाचन आयोगको यो निर्णयसँगै ठाकुर पक्षलाई सकस परेको छ भने



महन्थ ठाकुर



उपेन्द्र यादव

यादवपक्ष उत्साहित छन् । आयोगले यो फैसलाले ठाकुर पक्षलाई नयाँ दल दर्ताका लागि अवसर दिए पनि सांसद पदको हैसियत के हुने भन्नेबारेमा कुनै निर्णय दिएको छैन । त्यसैलेपनि अब ठाकुर पक्षको अबको विकल्प के हो? भन्ने विषय पेचिलो बनेको छ ।

दल सम्बन्धी ऐनको दफा ३२ (१) (ग) ले निर्वाचित भएको दल छाडेमा दल त्याग गरेको मानिने व्यवस्था गरेको छ । उक्त दफामा भनिएको छ, 'दल त्याग गरेको मानिने निज आफैले वा निजसमेत संलग्न भइ अर्को दल गठन गरेमा सांसद पद जाने प्रावधान छ । यो प्रावधान अनुसार निर्वाचित भएको दल त्याग गरेपछि सांसद र स्थानिय जनप्रतिनिधिको पनि पद धरापमा छ ।

नयाँ दल कि संघर्ष ?

ठाकुर पक्षीय नेताहरुकाअनुसार उनीहरु तत्काल नयाँ दल दर्ता नगर्ने भएका छन् । जसपाको आधिकारिकता यादव नेतृत्वको कमिटीले पाएपछि धक्का खाएका ठाकुर तत्काल पार्टी विभाजनमा नजाने भएका हुन् ।

ठाकुरले पर्ख र हेरको रणनीति अपनाएर कुर्ने भएका छन् । सर्वोच्च अदालतले पनि निर्वाचन आयोगको आधिकारिकतासम्बन्धी निर्णयमा अन्तरिम आदेश जारी नगरेपछि ठाकुर निराश भएका छन् । तर, उनले धैर्य नगुमाउने बुझिएको छ ।

जसपामा कार्यकारिणीतर्फको निर्णय अधिका यादवमै गएको छ । संसदीय दलको नेता पनि उनी नै चयन भएका छन् । तर, परिस्थिति बदलिने आँकलनका साथ ठाकुर पार्टी छाडिहाल्ने पक्षमा नभएको बुझिएको छ ।

संसदीय दलमा ठाकुर पक्षमा १० भन्दा बढी सांसद छन् । उपेन्द्र यादवसँग २२ को हाराहारीमा सांसद छन् । तर, सरकार निर्माणका क्रममा हुनसक्ने असन्तुष्टि र गुट बदलको घटनालाई ठाकुरले कुरेर बस्ने भएका छन् ।

ठाकुर पक्ष भने मधेशका विभिन्न माग उठाउँदै देउवाको सम्पर्कमा पुगिसकेको छ । यसले गर्दा सुविधा तथा राजनीतिका हिसाबले पनि यादव पक्षलाई घाटा हुने देखिन्छ । किनकि, ठाकुर पक्ष पनि सरकारमा सहभागी भएमा उसका लागि केही मन्त्रालय दिनुपर्ने हुन्छ । त्यसैले सत्ता साझेदार दलबीच भागबन्डामा केही कटौती हुन सक्छ भने माग पूरा गराउने सन्दर्भमा पनि यादव पक्षको तुलनामा ठाकुर पक्षले बढी श्रेय लिने अवसर पाउन सक्छ ।

यादव झन् शक्तिशाली

आयोगको निर्णयपछि यादव झन् शक्तिशाली भएका छन् । केपी शर्मा ओली नेतृत्वको सरकार ढलेपछि शक्ति ह्वात्तै बढेकामा यादव पनि हुन् ।

ओली सरकार रहँदा यादवसँग जसपाका ३२ मध्ये १३ सांसद थिए । अहिले उनीसँग २० सांसद पुगिसकेका छन् । कार्यकारिणीका ५१ मध्ये ३१ सदस्य रहेकोमा अहिले ३४ पुगिसकेका छन् । सत्ता परिवर्तनपछि यादवको शक्ति निरन्तर बढिरहेको छ ।

जसपाका एकल अध्यक्ष बनेका यादव संसदीय दलका नेता समेत चयन भएका छन् । जसपाभित्र उनको एकछत्र प्रभाव बन्ने देखिएको छ । यादव सरकारमा उपप्रधानमन्त्रीसहित महत्वपूर्ण मन्त्रालय लिएर जाने चर्चा छ । जसपाले ५ देखि ७ मन्त्रालय पाउने सम्भावना छ । त्यसमा पनि उनले कस्लाई पठाउने निर्णय लिनेछन् ।

*बाँकी अन्तिम पृष्ठमा*

## बाबुरामलाई कारबाही गर्न माग

पर्सा । विश्व हिन्दु परिषद् नेपालले हिन्दु विरोधी अभिव्यक्ति दिएको भन्दै पूर्व प्रधानमन्त्री एवं जनता समाजवादी पार्टीका सङ्घीय परिषद् अध्यक्ष डा. बाबुराम भट्टराईको कारबाहीको माग गरेको छ । परिषद्ले जिल्ला प्रशासन कार्यालय पर्सा र जनता समाजवादी पार्टी कार्यालय पर्सामा ज्ञापन पत्र बुझाएको छ ।

भट्टराईले सनातन हिन्दु धर्म विरुद्ध ट्विट गरेको विरोधमा विश्व हिन्दु परिषद् नेपाल आन्दोलित बन्दै भट्टराईलाई कारबाहीको माग गर्दै ज्ञापन पत्र बुझाएको हो । बहुसङ्ख्यक जनताहरूको आस्था एवं मनोभावना माथि ठाडो प्रहार गर्दै धार्मिक सांस्कृतिक परम्परा विरुद्ध अभद्र टिप्पणी गर्नु अक्षम्य, निन्दनीय एवं दुर्भाग्यपूर्ण रहेको ज्ञापनमा उल्लेख छ ।

परिषद्का जिल्ला अध्यक्ष ओम प्रकाश साह, सचिव कुन्दन श्रीवास्तव र महानगर अध्यक्ष बृजेश मल्लीकले प्रमुख जिल्ला अधिकारी र जसपालाई ज्ञापन पत्र बुझाउँदै, हिन्दु आस्था सँग खेलबाड गर्ने भट्टराईलाई कडा कारबाही नगरिए देश भरी नै आन्दोलन गर्ने चेतावनी दिए ।

जसपा हिन्दु विरोधी पार्टी कै रूपमा प्रस्तुत भएको विश्व हिन्दु परिषद् नेपाल लगायत धार्मिक सङ्घ सङ्गठन तथा समाजले महसुस गर्न थालेको परिषद्का महानगर अध्यक्ष बृजेश मल्लीकले बताए ।

## 'सिन्धुलीगढी युद्ध संग्रहालयले तराई–मधेशबाट पर्यटक तान्ने'

सिन्धुली । प्रदेश नं. २ का प्रदेश प्रमुख डा.राजेश अहिराजले आइतबार सिन्धुलीगढी युद्ध संग्रहालय भ्रमण गरेका छन् । नेपाली इतिहासमा महत्वपूर्ण मानिएको गोखाली फौजले १८२४ सालमा अंग्रेज सैनिकमाथि गरेको जीतका झलकहरु देखाउन मिल्ने गरि युद्ध संग्रहालय सर्वसाधारणका लागि समेत खुल्ला भएको छ । संग्रहालय भ्रमण गर्ने क्रममा प्रदेश प्रमुख अहिराजले तत्कालिन समय अर्थात राजा पृथ्वीनारायण शाहको सेनामा समावेशिता देखिने गरि टुकडीहरू रहेको प्रष्ट पारे ।

उनले सेनामा मधेश, पहाड र हिमालका बासिन्दाको सहभागिता रहेकोले हरेक समुदाय राष्ट्रप्रति वफादार रहेको बताए । उनले अवलोकन भ्रमणको क्रममा संग्रहालयभित्र कमलामाई नगरपालिकाका प्रमुख खड्ग बहादुर खत्रीलाई



खादा र राष्ट्रिय झण्डा अंकित ब्याचले सम्मानित गरेका थिए ।

संग्रहालयभित्र तत्कालीन समयमा प्रयोग भएका हतियार, वाद्यवादन सामग्री, तस्विर, शिलालेखसहितका पूराना सामानहरु राखिनुका साथै पुस्तकालयको व्यवस्था गरिएको छ ।

संग्रहालयबाहिर राजा पृथ्वीनारायणको शालिक, गोर्खाली नाइकेहरुको प्रतिमा, तोप, अकाशे पानी भण्डारण गर्ने प्राचिन शिलाहरु सजाइएका छन् । केही दिनभित्रै संग्रहालयमा युद्धसँग सम्बन्धित डकुमेन्ट्री देखाउने व्यवस्था समेत मिलाइनेछ ।

सिन्धुलीगढी युद्ध संग्रहालय भ्रमण गरेका प्रदेश प्रमुख एवं प्रदेश २ का संचारकर्मीहरूलाई नेपाली सेनाले आतिथ्य गरेका थिए ।

नेपाली सेनाले कमलामाई नगरपालिकाको सहकार्यमा ८ करोड रुपैयाको लागतमा तयार गरेको युद्ध संग्रहालय साउन १३ गते राष्ट्रपति विद्या भण्डारीले उद्घाटन गरेपछि शनिवारदेखि सर्वसाधारणको खुल्ला गरिएको हो ।

नेपालीलाई ५०, विद्यार्थीलाई २५ तथा विदेशीलाई २०० रुपैया टिकट शुल्क तोकिएको छ ।

प्रदेश प्रमुख डा.अहिराज धनुषा र महोत्तरीका सञ्चारकर्मीसहितको एक टोलीसहित युद्ध संग्रहालय भ्रमण गरेका थिए ।

## प्रदेश २ मा आपराधिक घटनामा वृद्धि

जनकपुरधाम । अघिल्लो वर्षको तुलनामा प्रदेश २ मा गत आर्थिक वर्षमा आपराधिक घटना वृद्धि भएको देखिएको छ । प्रदेश प्रहरी कार्यालय प्रदेश २ ले आर्थिक वर्ष २०७७/७८ मा आपराधिक गतिविधिमा ४.४७ प्रतिशतले वृद्धि भएको तथ्यांक सार्वजनिक गरेको छ ।

प्रदेशभर अघिल्लो आर्थिक वर्ष २०७६/७७ मा ६ हजार ८९३ वटा मुद्दा दर्ता भएकोमा गत आर्थिक वर्ष २०७७/७८ मा ७ हजार २०१ घटना दर्ता भएका छन् । प्रदेशमा ज्यान मार्ने उद्योग, ज्यान सम्बन्धी विभिन्न मुद्दा, आत्महत्या संगठित तथा आर्थिक अपराध महिला तथा बालबालिका सम्बन्धी अपराधका घटनामा वृद्धि भएको प्रदेश प्रहरी कार्यालय प्रदेश २ का प्रवक्ता प्रहरी उपरीक्षक कृष्ण प्रसाईंको भनाइ छ । कोभिड महामारी रोकथाम तथा नियन्त्रणका लागि प्रदेशका ८ वटै जिल्लामा निषेधाज्ञा लगाइएका कारण प्रहरीले भौतिक उपस्थितिमा गर्ने गरेका अपराध विरुद्धका सचेनामूलक कार्यक्रम गर्न नसकेको उनले बताए ।

प्रदेश २ मा गत आर्थिक वर्षमा कर्तव्य ज्यानका ९३, खुन डाँका २, ज्यान मार्ने उद्योग ३१०, गर्भपतनका ९, भवितव्य ज्यान ४६७, ज्यान सम्बन्धी १२८, फुटकर ज्यान ९०, आत्महत्याका ९५८, संगठित तथा आर्थिक अपराधका १ हजार ५४३ वटा घटना दर्ता भएका थिए ।

यस्तै सामाजिक अपराध १ हजार ८३२, महिला तथा बालबालिका सम्बन्धी अपराध ६१७, सवारी दुर्घटनाका ५३३ र अन्य विविध ६१८ वटा घटना दर्ता भएको प्रदेश प्रहरी कार्यालयले जनाएको छ । आर्थिक वर्ष २०७७/७८ मा विभिन्न आपराधिक गतिविधिमा संलग्न भई फरार रहेका ६८१ जना अभियुक्त र १ हजार ७२३ जना प्रतिवादी पक्राउ परेको प्रदेश प्रहरी कार्यालयले जनाएको छ ।

## नयाँ युगको दुई वर्ष र धारा ३७० को खारेजीले सबै उत्साहित

छिमेकी मित्रराष्ट्र भारतको स्वतन्त्रता दिवस 2019 को अवसरमा बोल्दै, लद्दाखका लोकसभाका सांसद जम्याङ्ग छिरिङ नामग्यालले भनेका थिए, "लद्दाख र यसका जनताले पहिलो पटक संविधानको धारा 370 लाई खारेज गरेको कारणले यसको वास्तविक स्वतन्त्रता मनाइरहेका छन् । लद्दाखको केन्द्र शासित सरकारले यस क्षेत्रलाई समृद्धिमा पुऱ्याउँछ र जनताको चौतर्फी विकास सुनिश्चित गर्नेछ ।"

जम्मू र कश्मीरका लागि विशेष संवैधानिक प्रावधान छ अगस्त 2019 मा खारेज भएको दुई वर्षपछि, उपत्यकामा शान्ति बहाल भएको छ । होइन भने सामान्य मानिसहरु जो अरू बेला सधैं आतंकवादी गतिविधिहरुको डर बोकेर जीवन बिताइरहेका थिए अनि यसको समाप्तिको अन्तमा राहतको श्वास फेरिरहेका छन् ।

यो कार्यलाई ऐतिहासिक गल्ती सच्याउन केन्द्र सरकारले उठाएको सबैभन्दा साहसी कदमको रुपमा लिइन्छ, धारा 370 को खारेजीले यो प्रमाणित गरेको छ कि, भोट बैंकलाई लक्षित तुष्टीकरण राजनीतिले वर्षौंदेखि क्षति पुऱ्याइरहेको थियो । जबकि देशका वास्तविक सरोकारवालाहरु सीमान्तकृत थिए । यो स्वतन्त्रता र संविधानको साँचो आत्माको विरुद्धमा गयो जसका लागि धेरै मानिसहरुले आफ्नो रगत बगाए ।

सरकारले ऐतिहासिक गल्ती सुधार्ने बित्तिकै कश्मीर उपत्यकामा मात्र नभई जम्मू र लद्दाखमा पनि नयाँ बिहानी सुरु भएको छ । रोजगारी सिर्जना भैरहेको छ र क्षेत्र अब शान्ति बहाली र यसको साक्षी छ, जो लगानीकर्ताहरुलाई लगानी गर्नका लागि विकास गर्ने प्राथमिक खुडकिलो भएको छ ।

पहिला धारा 370 लाई बेवास्ता गरिएको थियो, जबकि पूर्व जम्मू कश्मीरको एक विशेष समुदायबाहेक विभिन्न जातीय समूहहरुलाई सधैं उपेक्षा गरिएको थियो । धारा 370 को सबैभन्दा ठूलो कमी जम्मू कश्मीरको जनता धेरै केन्द्रीय सरकारका योजनाहरुबाट वञ्चित भएकाले मात्र नियन्त्रण रेखा नजिक बस्नेहरु आरक्षणको हकदार थिए । अब आरक्षणको प्रावधान पहाडी भाषा बोल्ने मानिसहरु अनि समाजको आर्थिक रूपदेखि कमजोर वर्गहरुलाई विस्तार गरिएको र समेटिएको छ । सातौं केन्द्रीय वेतन आयोगको लाभहरुलाई तीन लाखभन्दा बढी जम्मू र कश्मीरका कर्मचारीहरु लाभान्वित भएका छन् ।

हालमा आतंकवादी गतिविधिहरुको संख्या, निर्दोष मानिसहरुको हत्या हुने जस्ता घटनाहरूको दर न्यूनतम् रहेको छ । छ अगस्त 2019 भन्दा पहिलेको अवस्थाको तुलनामा कम संख्यामा युवाहरु उग्रवादमा सामेल हुने अनि विद्यालय छोड्ने दर पनि घटेको छ ।

कश्मीरी पंडितहरु जो विदेशी शक्तिहरूद्वारा वित्त पोषित आतंकवाद र क्षेत्रवादको सबैभन्दा ठूलो शिकार भएका थिए । जो विगत धेरै वर्षदेखि गम्भीररुपमा पीडित थिए । उनीहरूमा अब शान्ति र सद्भावनाको निर्माण हुने आशाको किरण पलाउन थालेको छ । धारा 370 खारेज नगरिएको भए उनीहरुमध्ये हजारौंका संख्यामा विभिन्न विकासका प्रक्रियामा भाग लिन सक्षम हुने थिएनन्, अब उनीहरू सरकारी जागिरमा सामेल भएका छन् । केन्द्र सरकारद्वारा कश्मीरी पंडितहरुको रुपमा परिचित कश्मीरी आप्रवासीहरुको स्थानान्तरण, पुनर्वास र आजीविकाका लागि छुट्टै कोष पनि छुट्याएको छ ।

दुई वर्षअघि धारा 370 खारेजको विरोधमा आवाज उठाउनेहरुले यो पुरानो संवैधानिक विशेष प्रावधानलाई हटाउनु किन आवश्यक थियो भन्ने



मोहन सिंह

तथ्यलाई राम्रोसित अनि छिट्टो बुझ्दै आएका छन् ।

आलोचकहरुले अब यो तर्क बुझिसकेका छन् कि धारा 370 लाई खारेज गर्नु किन आवश्यक थियो ? यो लद्दाख र जम्मूका जनतासहित सबै सीमान्तकृत समुदायहरुलाई न्याय गर्नका लागि गरिएको हो । लेह र लद्दाखमा बौद्ध समुदाय जसले आफूहरूलाई सधैं उपेक्षित र बेवास्ता गरिएको महसुस गरिरहे थिए, हालमा भएको क्षेत्रको राजनीतिक र भौगोलिक पुनर्गठनले उनीहरुलाई आफ्नो भाग्य चलाउन मद्दत गरिरहेको अनुभव गरिरहेका छन् ।

*बाँकी अन्तिम पृष्ठमा*

## सम्पादकीय

# कांग्रेसको १४औं महाधिवेशन अझै अनिश्चित

सत्तारुढ नेपाली काँग्रेस चौधौं माहाधिवेशनको पूर्वसन्ध्यामा छ। पार्टी भित्र देखिएको विवाद र कोरोनासमेतका कारणले काँग्रेसलाई यो महाअधिवेशन गर्न चुनौती बनेको छ। नेपाली काँग्रेस चौधौँ महाधिवेशनको सँघारमा पुगिसक्दा पनि अझै अन्योलबीच नै खडा छ। यसका अधिकांश नेताले अधिवेशनलाई केवल पार्टीसत्ता कब्जा गर्ने बाटोका रूपमा मात्र बोध गरेको कुरा स्पष्टतः सामाजिक सञ्जालहरूमा व्यक्त भइरहेका छन्। यदाकदा केही नेताले नेपाली काँग्रेसको नेतृत्वमा चुस्तता नभएकै कारण काँग्रेसको विचारमा सुस्पष्टता नआएको हो पनि भनेका छन्।

पार्टी भित्र क्रियाशील सदस्यताको विवाद छ भने बाहिर कोरोना संक्रमणको महामारी फैलिएको छ। त्यसैले भदौमा तोकिएको महाधिवेशन हुने वा नहुने अनिश्चित छ।

पार्टी जीवनमा महाधिवेशनको ज्यादै ठूलो महत्व रहन्छ। कुनै पनि राजनीतिक दलले आफ्नो ऐतिहासिक कार्यभारको समीक्षा, आत्मालोचना, वर्तमान जीवनको सजीव चित्र र भविष्यको जीवनको सुस्पष्ट चित्र कोर्ने साधनका रूपमा महाधिवेशनलाई अख्तियारी गरिएको हुन्छ। महाधिवेशन पार्टीको विद्यमान विचार, विमर्श तथा नीतिको गहन छलफल गर्ने र जनताको राष्ट्रिय जीवनमा परेका सकारात्मक, नकारात्मक भावको समीक्षा गर्ने थलो पनि महाधिवेशन हो। यही थलोबाट पार्टी जीवनलाई पुनर्ताजगी गरी जनउपयोगी र सान्दर्भिक बनाउने विचारको अनुमोदन र सोहीअनुरूपले नेतृत्व चयन गरिने परिपाटीको विकासका लागि महाधिवेशन महन्वपूर्ण थलो हो।

**नेपाली कांग्रेसले वर्तमान संविधानमा रहेका विवादित धाराको सुधार तथा खारेजीका सम्बन्धमा वर्तमान कांग्रेसको धारण के हुने भन्ने स्पष्ट दृष्टिकोण पनि यो महाधिवेशनबाट आउनु आवश्यक छ। यसले विभिन्न समुदायको चासो सम्बोधनमा कांग्रेसको संवेदनशीलतालाई उजागर गर्नेछ।**

महाधिवेशन नजिकिएसँगै पार्टी नेतृत्वको लागि नेताहरुको दौड र चासो पनि बढेको छ। काँग्रेसमा नीतिभन्दा नेतृत्व चयनमा अहिले सबैको ध्यान केन्द्रित छ।

नयाँ नेतृत्वले नयाँ सोच र शैलीका साथ काम गर्ने दृढ अठोटका साथ चुनावी तयारी गर्ने हो भने मात्र काँग्रेसलाई पुरानो अवस्थामा लैजान सम्भव हुनेछ छ। काँग्रेस नेतृत्वले साझा रूपमै सुझबुझका साथ चुनावी मैदानमा जान आवश्यक छ।

पार्टी दृष्टिकोणमा समय सन्दर्भले ल्याएको परिवर्तन र उक्त परिवर्तनमा जनताको भूमिका एवं पार्टीको अवस्थितिलाई परिभाषित गर्न सक्नुपर्छ। यसो गर्दा मात्र पार्टीले समय सन्दर्भ र आवश्यकताअनुसार आफूलाई ढाल्दै जनताको उपभोग्यताको आवश्यकतालाई समेत सम्बोधन गरी आफ्नो सार्थकता पुष्टि गर्न सक्छ। यी सबै कुराको विशेष छलफल, विचार, विमर्श गर्ने सबैभन्दा उपयुक्त र सान्दर्भिक थलो भनेको पार्टीको महाधिवेशन नै हो।

चौधौं महाधिवेशनको पूर्वसन्ध्यामा काँग्रेसका विभिन्न नेता, कार्यकर्तामा बढ्दै गइरहेको क्रियाशीलता, व्यक्त विचार आदिलाई विश्लेषण गर्दै काँग्रेस पार्टीको पुनर्जीवन के कसरी हुन्छ भन्ने विषयमा धेरैको ध्यान केन्द्रित छ।

युवापुस्ताका नेताहरू अब काँग्रेस राजनीतिमा पहिलो पुस्ताका नेताले अभिभावकत्वको भूमिका निर्वाह गरी युवा पुस्तामा नेतृत्व हस्तान्तरण गर्नुपर्छ भनिरहेका छन्। अर्कोतर्फ आफूलाई दोस्रो पुस्ताका शास्त्रीय उत्तराधिकारी मान्दै आएकाहरूले पन्ध्रौँ महाधिवेशनमा क्षमताबाट माथि उठेको पुस्ताले नेतृत्व हत्याउन सक्ने आकलनसाथ यो पुस्तालाई रोक्नकै लागि आसन्न चौधौँ महाधिवेशनलाई कुनै न कुनै रूपमा प्रभावित पारी काँग्रेसको भावी नेतृत्वमा आफ्नो हिस्सा सुरक्षित गर्न चाहिरहेको देखिन्छ।

नेपाली काँग्रेस चौधौँ महाधिवेशनमा के कस्ता एजेन्डा लिएर जाँदैछ र ती एजेन्डाले प्रत्यक्ष रूपमा जनतामा कस्तो उत्सुकता पैदा गर्न सक्छ, गाउँदेखि केन्द्रसम्म कत्तिको तरङ्गित गर्ला भन्ने कुरालाई खासै ध्यान पुऱ्याउन सकेको जस्तो देखिँदैन। महाधिवेशन ज्यादै सन्निकट भइसक्दा पनि केवल नेतृत्वकै बहस मात्र हुनु काँग्रेसको भविष्यको सुनिश्चिताका लागि पनि दुर्भाग्यपूर्ण हो भन्ने

नेपाली काँग्रेसले वर्तमान संविधानमा रहेका विवादित धाराको सुधार तथा खारेजीका सम्बन्धमा वर्तमान काँग्रेसको धारण के हुने भन्ने स्पष्ट दृष्टिकोण पनि यो महाधिवेशनबाट आउनु आवश्यक छ। यसले विभिन्न समुदायको चासो सम्बोधनमा काँग्रेसको संवेदनशीलतालाई उजागर गर्नेछ। सङ्घीयताको सबालमा धेरै चुनौती र प्रश्न खडा भएका छन्। यसको औचित्य पुष्टि गर्न आवश्यक देखिएको छ।

# अराजक प्रणालीमा लोकतन्त्रको कुरा

**विचार-विश्लेषण** भाग-१०२



उपेन्द्र झा

**लोकतन्त्रको विकृत रुप देखेर जनतामाझबाट राजा आउ, देश बचाउको नारा पनि घन्किन थालेको छ। देवत्व स्थानमा रहेका यी शासकवर्गको अराजक शैलीबाट लोकतन्त्र बदनाम भई जनताले राजाको आह्वान गर्न थालेकोले आफ्नो चरित्रमा सुधार ल्याउ भन्ने सुझाव पनि सूर्यलाई दीपक देखाउने जस्तो हो। देवत्व स्थानमा त पूजा मात्र हुन्छ। कुपात्र भनेर आलोचना गरिँदैन।**

लोकवाणी मात्र होइन, अराजकता फैलाउने शीर्ष राजनीतिक दलहरुले पनि राजनीतिक अराजकता व्याप्त रहेको कुरा स्वीकारेको छ। अकर्मण्य र स्वेच्छाचारी सबैले राजनीतिक असन्तुष्टता प्रकट गर्नु प्रणालीमा रहेको अराजकतालाई औल्याउँछ। संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान घोषणा गर्दा मौलिक फूर्तिको प्रदर्शन गर्नेहरु पनि यस प्रणालीबाट दिक्क मानेका छन्। दिनहुँ लुगा फेरे जस्तै प्रणाली पनि फेर्ने शासकवर्ग कुन प्रणाली रुचाउँछन् प्रष्ट हुन सकेको देखिँदैन।

संघीय लोकतान्त्रिक गणतन्त्रलाई जनसरोकारको प्रणाली बनाउन, विकासको गतिलाई तीव्र बनाउन उत्साही जनताले पहिलो पटक दुईतिहाइको जनादेश दिएर नेपाल कम्युनिष्ट पार्टीको अध्यक्ष केपी शर्मा नेतृत्वको सरकारलाई विश्वास गरेको थियो। ऐतिहासिक राजनीतिक प्रतिष्ठा प्राप्त गरेको ओली सरकार संघीय लोकतान्त्रिक गणतन्त्रको प्रणालीभन्दा बाहिर गएर स्वतन्त्र रुपले सरकार संचालन गर्दा राजनीतिक अराजकता बढ्न थाल्यो। ओलीको उखान टुक्कामा हाँसेर रमाउनेहरु पनि ओलीको शासन शैली निरंकुश भयो भनेर अभिव्यक्ति दिन थाल्दा ओलीको अलोकप्रियता बढ्न थाल्यो। देश र जनताप्रतिको दायित्व र जिम्मेवारीबाट अलग्गिँदै केपी ओली राजाको शैलीमा शासन थाल्दा कम्युनिष्ट चरित्रको यस्ता निकृष्ट प्रदर्शनले अराजकतालाई खुल्लेआम मैदानमा उतार्‍यो।

भनिन्छ, देश र जनताको अपेक्षा पूरा गर्न शासक अलिकति निरंकुश पनि बन्छन्। त्यो निरंकुशता जो जनताको भलोको लागि आएको हुन्छ, सबैका लागि ग्राह्य हुन्छ। तर नितान्त व्यक्तिगत स्वार्थ सिद्धिका लागि प्रयोग हुन निरंकूशता राजनीतिक अराजकतालाई निम्त्याउँछ। ओली सरकारमा यही भएको हो। ऐतिहासिक राजनीतिक अवसर प्राप्त गरेको ओली सरकार देश र जनताका लागि अवसर प्रयोग नगरी आसेपासे वा आफ्ना समर्थक व्यक्ति वा कर्मचारीलाई आर्थिक अनियमिततालाई बढावा दिन प्रयोग भएकोले अरु सरकारभन्दा ओली सरकारको बढी आलोचना भएको हो।

जनताको जनादेशलाई निजी स्वार्थमा प्रयोग गर्ने ओली सरकारको पालामा आएको बेथितिले समग्र प्रणाली माथि नै प्रश्नचिन्ह खडा गरी दिएको छ। संघीयताको खारेजी विपक्षीहरुका राजनीतिक एजेण्डा बन्न थालेको छ। १० वर्षमा आन्दोलन आउने र संविधान समाप्त गर्ने नेपाली राजनीतिको विशेषता रहेकोले यसपाली त १० वर्ष पनि पूरा हुने छाँट छैन।

ओलीलाई एमसीसीको स्वाद चाख्न नदिने विपक्षी र शक्तिकेन्द्रको रणनीतिले कम्फोरटेवल सरकार ल्याउन बनाएको रणनीतिअनुसार नै अहिले शेरबहादुर देउवा प्रधानमन्त्री बनेका छन्। साझा रणनीति कायम रही शेरबहादुरको सरकारले एमसीसी पास गर्ने कुरा विस्तारै जटिल बन्ने सम्भावना देखिन्छ। प्रचण्ड एमसीसीको पक्षमा छन् भने माओवादीका अरु नेताहरु विपक्षमा छन्। माधव नेपाल पक्षका नेता डा.भीम रावल, माओवादीका नेता देव गुरुङहरु एमसीसीलाई राष्ट्रघाती भनिरहेका छन्। ओली एमसीसीको पक्षमा बोले तापनि आफ्नो पहुँचभन्दा एमसीसीलाई बाहिर लगेका कारण उनले आफ्नो मतको दुरुपयोग किन गर्छन्।

राजावादी हिन्दूवादीहरुको ओलीलाई व्यापक समर्थन थियो। अहिले उनी एमसीसीको कडा विरोधमा उत्रेका छन्। एमसीसी राष्ट्रघाती सम्झौता हो भनेर असन्तुष्ट पक्षको बलियो जनआधार बन्ने कुरामा किञ्चित शंका छैन। यसमा ओली पक्ष पनि सामेल नहोला भन्न सकिन्न। राष्ट्रवादी छवि उनैको हो।

हरेक परिवर्तनसँगै स्वार्थको चरित्र पनि बद्लिँदै जाने यहाँको अनौठो चलन रहेको छ। गठबन्धनको स्वार्थलाई एमसीसीको स्वार्थसँग जोड्नु सजिलो छैन। सरकार सहयोगी दलहरुलाई पक्षमा उतार्नुभन्दा पूर्व नै एमसीसी विरुद्धको विपक्षको ठूलो भेललले सबै मनसायलाई नेस्तनाबुद गर्ने सम्भावना पनि प्रवल छ।

राजनीतिक दलहरु स्वार्थपूर्तिका लागि एक अर्कालाई सहयोग गर्छन्। देश र जनताका लागि एक अर्कालाई सहयोग गर्ने भावनाको नितान्त अभाव छ। कुरा परोपकारको गर्ने तर काम व्यक्तिगत गर्ने यही मानसिकताबाट सबै प्रेरित रहेकोले अराजकता स्वतः निम्तिने स्पष्ट छ। ओलीको पालामा दास गुलामबाहेक सरकारमा अरु समावेश हुन नपाइनेको विरुद्ध शेरबहादुर देउवाको मन्त्रिमण्डलमा सबै दलहरु समावेश हुने स्वार्थ मिलेको कारण गठबन्धनको सरकार बनाउन सबै प्रेरित भए। अर्को खास कुरा ओलीको नेतृत्वमा चुनाव हुँदा आसेपासे जित्ने सम्भावनाबाट पनि डराएर दलहरुले गठबन्धनको सरकार बनाए। निजी स्वार्थ पूरा गर्नुबाहेक सरकारको फरक चरित्र केही छैन।

विगतका घटनाक्रमहरुबाट एउटा कुरा के साबित भएको छ कि देश र जनताको हितमा लोकतान्त्रिक पद्धतिलाई कसरी कार्यान्वयन गर्ने भन्नेबारे कुनै पनि शीर्ष दलका नेताहरु असक्षम भएका छन्। यिनीहरुद्वारा प्रयोग भएको लोकतान्त्रिक प्रक्रिया जनताहित विपरीत साबित हुन गएकोले लोकतान्त्रिक प्रणाली नै कलंकित भएको छ। आफ्नो अज्ञानता, असक्षमताका कारण प्रणाली नै बदनाम हुने अवस्थामा कमी कमजोरीको समीक्षा नगरी एक अर्कालाई दोषारोपण गरी उम्कने अर्को असक्षमता हो। राज्यसत्ता हाम्रो पेवा हो भन्ने मान्यतालाई वैधानिकता प्रदान गर्न नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी दुवै शीर्ष दल सफल भएका छन्। यसरी राज्यसत्तामाथि पालैपालो सवारी गर्ने यी दल मात्र शासकको रुपमा विकसित भएको छ।

लोकतन्त्रको विकृत रुप देखेर जनतामाझबाट राजा आउ, देश बचाउको नारा पनि घन्किन थालेको छ। देवत्व स्थानमा रहेका यी शासकवर्गको अराजक शैलीबाट लोकतन्त्र बदनाम भई जनताले राजाको आह्वान गर्न थालेकोले आफ्नो चरित्रमा सुधार ल्याउ भन्ने सुझाव पनि सूर्यलाई दीपक देखाउने जस्तो हो। देवत्व स्थानमा त पूजा मात्र हुन्छ। कुपात्र भनेर आलोचना गरिँदैन।

असक्षमताले असन्तुष्टता, अराजकता, द्वन्द्व र परिवर्तन ल्याई रहन्छ। परिस्थितिवश क्रिया, प्रतिक्रियाको माध्यमले समाज परिवर्तन भई रहने नैसर्गिक नियम हो। यसमा कोही कलंकित हुन्छ। कसैले इतिहास रच्छ।

janukjha24@gmail.com

# 'उपेन्द्र यादवसँग एकीकरण गर्नु ठूलो गल्ती थियो'

राजविराज। सप्तरीमा पूर्वराजपा नेपालका नेता तथा कार्यकर्ताहरूको भेलाले संगठनलाई व्यवस्थापन गर्न एकजुट हुनुपर्नेमा जोड दिएका छन्।

शनिबार जिल्ला समन्वय समिति राजविराजको सभाहलमा आयोजित सयौं नेता तथा कार्यकर्ता भेलाबाट संगठन व्यवस्थापन निम्ति एकजुट हुनुपर्नेमा जोड नेता तथा कार्यकर्ताहरूले सो कुरा बताएका हुन्।

सो भेलामा पूर्व राजपा केन्द्रीय सदस्य दिपेन्द्र चौधरीले तत्कालीन राजपा नेपालले समाजवादी फोरमसँग एकता गरेर जसपा बनाउनु ठुलो गल्ति भएकोले मधेश मुक्ति आन्दोलनलाई महन्थ ठाकुर र राजेन्द्र महतो समूहले मात्र मधेशको अधिकार दिलाउन सक्ने जिकिर गरे।



यसैगरी, बैठकमा अर्का केन्द्रीय सदस्य दिनेश यादवले जसपाका अध्यक्ष उपेन्द्र यादवले एकात्मक सोच र व्यक्तिगत राजनीति स्वार्थका कारण पार्टी फुटको संघारमा गएको टिपणी गरे।

यसैगरी पुर्व राजपा केन्द्रीय सदस्य तथा राजबिराज नगरपालिका उपप्रमुख साधना झाले महन्थ ठाकुर जस्तो त्यागी नेतालाई बदनामी गर्ने केही नेतृत्व गर्नेहरूले जसपा पार्टी कब्जा गर्न खोजेको आरोप लगाएकी छिन्।

उनले भने अहिले पनि जिल्ला का नेता तथा कार्यकर्ताहरू एकरति पनि बिचलित नभएको र मधेशको मुद्दा प्रति एकजुट भएकोले मधेशको अधिकार को लागि अगुवाई गर्नेसँग रहेकोइन्।

सो भेला ले पुर्व राजपा नेपाल का नेतृत्व वर्गलाई जिल्ला देखि गाउस्तरदेखि नगरपालिकासम्म संगठन बिस्तार गर्न अभिलम्ब विस्तारित बैठक तोक्न आग्रह गर्ने बैठकले निर्णय गरेको युवा नेता शंभु यादबले बताए।

यसैगरी बैठकमा तिलाठी कोईलाडी गाउँपालिका अध्यक्ष सतिश सिँह, केन्द्रीय सदस्य राजेन्द्र प्रसाद यादब, हरेकृषण प्रसाद सिँह, रामप्रित यादब, सुनिल झा, अमरनाथ मण्डल, बिशेश्वर रजक, जागेश्वर राय, बिनोद यादब, कुमरनाथ मिश्र, बिजय यादब, जयनारायण यादब, पुनम यादब लगायत नेता तथा कार्यकर्ताले बोलेका थिए।

# शंकर पोखरेल सरकारमा बसिरहनु अनैतिक



**सहसराम यादव**
**संसदीय दलका नेता, लुम्बिनी प्रदेश**
**जनता समाजवादी पार्टी नेपाल**

**० प्रदेश सरकारका विरुद्ध तपाईंहरुले अविश्वासको प्रस्ताव दर्ता गराउनुभएको छ किन ?**

– निर्वाचनपश्चात् लुम्बिनी प्रदेशमा नेकपाको एकलौटी सरकार थियो । तीन वर्षसम्म नेकपाको सरकार राम्रै चल्यो, सबैको सहयोग र समर्थन थियो । विभिन्न समय परिस्थितिमा जब नेकपा विभाजन भयो, त्यसपछि माओवादी सरकारबाट समर्थन फिर्ता लियो र मुख्यमन्त्री अल्पमतमा पर्नुभो । त्यसपछि हामीले बहुमतको सरकार निर्माणका लागि हामी ४२ सांसदको हस्ताक्षरसहित तत्कालीन प्रदेश प्रमुख धर्मनाथ यादवसमक्ष दाबी गऱ्यौं । तर प्रदेश प्रमुखले बेवास्ता गर्नुभयो । अहिले पनि मुख्यमन्त्री अल्पमतमा हुनुहुन्छ ।

**० तपाईंकै पार्टीका तीन जना सांसद अहिले मन्त्री हुनुहुन्छ नि ?**

– उहाँहरु मन्त्री भएर हुँदैन । जतिखेर बजेट अधिवेशन भयो, त्यतिखेर हाम्रो पार्टीको संसदीय दलको तर्फबाट ह्वीप जारी भयो । तर उहाँहरुले ह्वीप उल्लंघन गर्नुभयो । त्यसपछि हाम्रो कमिटीले केन्द्रमा सिफारिस गऱ्यो र केन्द्रीय कार्यकारिणी समितिको बैठकले तीनै जनालाई निलम्बन गरेर प्रदेशसभामा जानकारी गरायो । त्यसपछि प्रदेशसभाले उहाँहरुको पद खुस्कियो । त्यसपछि उहाँहरु अदालतमा जानुभयो । अदालतमा उहाँहरुको मुद्दा विचाराधीन छ तर उहाँहरुको सांसद पद अहिले कायम छैन ।

**० अदालतमा मुद्दा विचाराधीन रहेको अवस्थामा उहाँहरुको पद कसरी गयो त ?**

– हामीले गठबन्धन बनाएर अगाडि बढ्नुपर्छ भन्ने निष्कर्षमा पुग्यो र गठबन्धनको सरकार बनाउनुपर्छ भन्ने अगाडि बढ्यौं । त्यतिखेर उहाँहरु माननीय शंकर पोखरेलको सरकारमा सहभागी हुनुभयो । पार्टीको ह्वीप उल्लंघन गर्नुभयो, पार्टीको नीति, सिद्धान्त विपरीत गएपछि पार्टीले कारबाही गरेको हो ।

**० तपाईंको पार्टीको एक पक्षले मात्रै कारबाही गरेको थियो, तर अदालतले त्यसलाई मान्यता दिएन नि ?**

– पार्टीको बहुमत पक्षले कारबाही गरेको थियो । पार्टीमा बस्दाखेरी नीति र सिद्धान्त मान्नैपर्छ । बहुमतले अल्पमतमाथि शासन गर्छ । उहाँहरु आफै दलको नेता, सचेतक लगायतको घोषणा गर्नुभएको छ । तर पार्टीले त्यसलाई मान्दैन । उहाँहरु जसपाको होइन भनेर भन्नुपऱ्यो । जसलाई जे मन लाग्छ त्यहीं गर्न छुट छैन । पार्टी भनेको नीति, सिद्धान्तबाट चल्ने हो । मनपरी ढंगले हिंडेलाई पार्टीले कारबाही गर्छ नै । अहिले उहाँहरु सांसद पनि हुनुहुन्न, त्यसैले लुम्बिनी सरकार अल्पमतमा छ । हामी गठबन्धन बनाएर नयाँ सरकार निर्माणका लागि अविश्वासको प्रस्ताव दर्ता गराइसकेका छौं । यता, निर्वाचन आयोगले हाम्रो पक्षलाई आधिकारिता पनि दिइसकेको छ ।

**० तपाईंहरुको पक्षलाई आधिकारिकता दिंदा फरक मत राख्नेहरु पार्टीबाट हटे ?**

– अल्पमतमा रहेकाहरु पनि जसपाकै नेता हुन् । तर पार्टीको नीति, सिद्धान्तविपरीत काम गर्न कसैले पाउँदैन । हाम्रा अध्यक्ष महन्थ ठाकुरले मनोमानी ढंगले २० जना केन्द्रीय कार्यकारिणी समितिमा थप्नुभएको थियो, त्यसलाई आयोगले खारेज गरेको हो र पार्टी दर्ता गर्दाको बखत आयोगमा बुझाइएको नामावली नै आधिकारिक हो । उहाँहरुलाई पार्टीबाट निकालिएको छैन, उहाँहरु आफै टाढिनुभएको छ ।

**० लुम्बिनी प्रदेशमा गठबन्धनको सरकारमा जसपा फेरि सहभागी हुन्छ ?**

– हामीले कुलप्रसाद केसीको नेतृत्वमा सरकार निर्माणका लागि माग गरेका छौं । मुख्यमन्त्री शंकर पोखरेल अल्पमतमा हुनुहुन्छ, उहाँले विश्वासको मत लिनुपऱ्यो । त्यहीं आधारमा प्रदेश प्रमुखले २७ गते संसद अधिवेशन आह्वान गर्नुभएको छ । संसद सुचारु भएपछि सबै प्रक्रिया सुरु हुन्छ । शंकर पोखरेलको सरकारमा जसपाका तीन जना सांसदहरु पार्टीको नीति र निर्देशनविपरीत सहभागी भएका थिए । यो पटक त हाम्रो गठबन्धन छ, जसपा पनि सरकारमा सहभागी हुन्छ । त्यसको कुनै अवरोध बाधा छैन ।

**० जसपाले लुम्बिनी प्रदेशमा कति वटा मन्त्रालय पाउँछ ?**

– मन्त्रालयको भागवण्डा त पछिको कुरा हो । अहिले त हामीले अविश्वासको प्रस्ताव दर्ता गराएका छौं । त्यो सफल भएपछि गठबन्धनको बैठक बसेर यसबारे निर्णय गर्ने हो । अहिले त हाम्रो जसपामा तीन जना मात्रै सांसद छन् । गठबन्धनमा छलफल हुँदा कसलाई कुन मन्त्रालय दिने, कसरी जाने निष्कर्षमा टुंगो लाग्छ ।

**० अहिले नै मन्त्रालयबारे बार्गेनिङ्ग भएको छैन ?**

– यसमा बार्गेनिङ्ग गर्ने कुरै आउँदैन । पहिला त हाम्रो अविश्वासको प्रस्ताव सफल हुनुपऱ्यो । पछि अब कसले कुन मन्त्रालय लिने छलफल हुने हो ।

**० भनेपछि तपाईंहरुको अविश्वासको प्रस्ताव पास हुन्छ त ?**

– हामी पूर्ण विश्वस्त छौं कि हाम्रो अविश्वासको प्रस्ताव सफल हुन्छ नै । किनभने हामीले पेश गरेको नामावलीमा सबै सशरिर उपस्थित हुन तयार छन् । तर जबसम्म परीक्षण हुँदैन त्योभन्दा पहिला नै कसरी सुनिश्चित गर्न सकिन्छ । हाम्रो प्रस्ताव सफल भएपछि मन्त्रालयको बारेमा कुरा गर्छौं ।

**० जसपाले केन्द्र सरकारमा अहिलेसम्म आफ्नो मन्त्री टुंगो लगाउन नसक्नुको कारण के छ ?**

– पार्टीभित्र अहिले छलफल चलिरहेको छ । सबै सांसदको आकांक्षा मन्त्री बन्ने हुन्छ तर, सीमित मन्त्रालय मात्र भएकोले यसको बारेमा निकास निकालिँदैछ । छिट्टै नै हाम्रो पार्टीबाट मन्त्रीको नामावली टुंगो लाग्छ र केन्द्रको सरकारले पूर्णता पाउँछ । यो बीचमा धेरै नै अलोकतान्त्रिक गतिविधिहरु भएका छन् । सांसद बेचबिखन हुने, प्रलोभनमा पार्ने जस्ता कार्यहरु लोकतान्त्रिक मूल्य र मान्यता विपरीत हो । यसभन्दा पहिलाका सरकारले धेरै अनैतिक कार्यहरु गऱ्यो । लोकतन्त्र, समानुपातिक समावेशिता, संघीयता लगायतका उपलब्धिहरुको रक्षा गर्नका लागि हाम्रो गठबन्धन बनेको हो । गठबन्धनको मुख्य जिम्मेवारी नै हामीले प्राप्त गरेका उपलब्धिहरुको रक्षा गर्ने, मुलुकलाई विकास र समृद्धितर्फ लग्ने हो ।

**० तपाईंहरुले त संघीयता विरोधीहरुसँग पनि गठबन्धन बनाउनुभएको छ नि ?**

– यो मुलुकमा मधेश आन्दोलनको बलमा संघीयता र समानुपातिक समावेशिता स्थापित भएको हो । यी मुख्य उपलब्धिहरुको रक्षाका लागि हामीले जोसँग पनि गठबन्धन बनाउन तयार छौं । अहिलेको अवस्थामा संघीयता विरोधी भनेको नेकपा एमाले नै हो ।

**० त्यसोभए, कांग्रेस-माओवादी संघीयता विरोधी होइन ?**

– कांग्रेसभन्दा पनि नेकपा माओवादी केन्द्र संघीयता विरोधी होइन । मुलुकमा संघीयता आउनुमा माओवादीको भूमिकालाई नकार्न सकिँदैन । तर नेकपा एमाले सुरुदेखि नै संघीयता विरोधी चरित्र देखाउँदै आएको छ । पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले संघीयता रुचाएका छैनन् । उहाँले संघीयता आउनु भनेको बैलगाडामा अमेरिका जानुसरह हो भन्ने जस्ता अभिव्यक्तिहरु दिनुभएकै हो । उहाँहरु गतिविधि हेर्दा संघीयतालाई नरुचाएकै हुन् । त्यहीं संघीयता विरोधीको कारण मुलुकमा राजनीतिक स्थिरता कायम हुन सकिरहेको छैन । जुन शक्तिलाई जनताले करिब दुई तिहाइ बहुमतको नजिक पुऱ्याए तर त्यो जनादेशअनुसार सरकार चलाउन सकेन, मुलुकलाई विकास र समृद्धिको बाटो डोऱ्याउन सकेन । केपी शर्मा ओलीले पटक-पटक संविधानका विरुद्ध गतिविधिहरु गर्नुभएको छ । अहिलेसम्मकै इतिहासमा केपी ओलीजस्ता स्वेच्छाचारी प्रधानमन्त्री नेपालले पाएका थिएन । यो २१औं शताब्दीमा पनि परिवर्तनलाई स्वीकार गर्न नसकेको हामीले महसुस गऱ्यौं । विकास र समृद्धिको कुरा गर्ने, लोकतन्त्रवादी बन्ने तर व्यवहारमा ठिक विपरीतका गतिविधि गरियो ।

**० तपाईंहरुको गठबन्धन सत्ता प्राप्तिका लागि मात्रै बनाइएको हो नि त ?**

– यो गठबन्धनको उद्देशय सत्ता प्राप्ति मात्रै होइन । अब कुनै पनि राजनीतिक दल भएपछि सत्तामा जाने उसको उद्देश्य त निश्चितरुपमा हुन्छ नै तर त्यो कुराको निर्धारण समय परिस्थितिले गर्ने हो । सत्तामा जानु नराम्रो होइन तर सत्तामा गएपछि जनतासँग गरेका वाचाहरु पूरा गर्नुपर्छ । जनतालाई सरकारको अनुभूति गराउने गरी सत्ता सञ्चालकले काम गर्नुपर्छ ।

# राजसंस्था पुनर्स्थापनाका लागि ठूलो जनविद्रोह नै हुन्छ



**डा.मनोज मुक्ति विवेक**
**अध्यक्ष, जनतान्त्रिक तराई मुक्ति मोर्चा**

**० नयाँ सरकार बनेदेखि एमसीसीको कुरा जोडतोडका साथ उठ्न थालेको छ, तपाईंहरु पनि यसको विरोधमा देखिनुभएको छ किन ?**

– एमसीसी र नेपाल सरकारबीच भएका सन्धि सम्झौताहरुलाई केलाएर हेर्दा यसका प्रावधानहरु राष्ट्रघाती छन् । अमेरिकाको रक्षा मन्त्रालयअन्तर्गत इन्डो प्यासिफिक स्ट्रेटेजी, विशुद्धरुपमा सैन्य र सामरिक महत्वको रहेको छ । हाम्रो विदेश नीति भनेको पञ्चशीलको आधारमा असंलग्न विदेश नीति भनिएको छ भने हामी कुनै सैन्य गठबन्धनमा जान मिल्दैन । एमसीसीलाई विद्युत प्रसारण लाइन भनिएको छ र जलविद्युतसँग गाँसिएको छ । यसले के भन्छ भने एमसीसीको अडिटिङ्गदेखि लिएर सम्पूर्ण कुराहरु नेपाल सरकारको स्वामित्वमा रहने छैन । अमेरिकाले तोकेको अडिट फर्मबाट मात्रै यसको लेखा परीक्षण गराउन पाइनेछ । एमसीसीको बुँदाहरुसँग नेपालको ऐन कानूनका व्यवस्थाहरु बाँझिएको अवस्थामा नेपालको ऐन कानून स्वतः निस्प्रभावी हुनेछ । भनेपछि नेपालको ऐन, कानून, राष्ट्रिय स्वाधिनतामाथि एमसीसीलाई राखिएको छ । अर्को कुरा नेपाल सरकारले कुनै पनि प्रोजेक्ट बनाउँदा भारत सरकारसँग अनुमति लिनुपर्ने, जहाँ-जहाँ परियोजना बनाउँछ त्यहाँका नेपालीको जग्गाको लालपुर्जा नेपालीको नाममा हुँदैन, त्यो सबै एमसीसीको नाममा हुन जान्छ । यी सबै कुराहरुले गर्दा यो राष्ट्रघाती हो, राष्ट्रिय स्वाधिनताविपरीत हो । यसले नेपाललाई गुलाम मात्रै बनाउँदैन, सैन्य र सामरिक रणभूमि बनाउँछ ।

**० अमेरिकाले एमसीसीमार्फत् नेपाललाई गुलाम बनाउन खोज्दैछ त ?**

– अमेरिकाको साम्राज्यवादी, विस्तारवादी नीति जुन पूरा विश्वमा हामी हेर्न सक्छौं, त्यो नेपालमा पनि लागू गर्न खोजिएको छ । एमसीसी जहाँ-जहाँ छिरेको छ, त्यो अवस्था हेर्नुस् त कहाँ पुगेको छ । कुनै पनि देशलाई समृद्ध र विकसित बनाएको छैन एमसीसीले । यसलाई २१औं शताब्दीको औपनिवेशिकता भनिन्छ । यो औपनिवेशिकताको आधुनिक रुप हो । अहिलेको सरकार जनादेशबाट होइन, अदालतको परमादेशबाट बनेको हो । अहिलेसम्म मन्त्रिपरिषद् विस्तार हुन नसक्नुको कारण हो कि जसले अमेरिकाको दलाली गर्छ । असार २८ गते सर्वोच्च अदालतको फैसला आइसकेपछि धर्मनिरपेक्ष संघीय लोकतान्त्रिक संविधान च्यातिएको अवस्था छ । अहिलेको अवस्था भनेको एमसीसीले रुल गरिरहेको छ । एमसीसी संसदबाट पारित गरिनुपर्ने भनिएको छ तर त्यसको प्रक्रिया सुरु भइसकेको अवस्था छ ।

**० भनेपछि अमेरिकी सेना नेपालमा प्रवेश गरिसकेको छ त ?**

– गत २८ जुलाई तारिखमा अमेरिकन एम्बेसीको फेसबुक पेज हेर्नुभयो भने त्यसमा स्पष्टमा भनेको छ । उसले जग्गा किनिसक्यो, प्रसारण लाइनहरु सुरु भइसक्यो, त्यसको भौतिक संरचनाहरु निर्माण भइरहेको छ । अमेरिकन एम्बेसीले सामाजिक सञ्जालमार्फत् इन्डो पेसेफिक नै नेपाललाई घोषणा गरिसकेको छ । त्यसले आफै भनेको छ कि इण्डो पेसेफिक तहत नेपालको भूमिमा व्यापकरुपमा अमेरिकी सेना भित्र्याइसकेको छ । मैले यो कपोलकल्पित कुरा गरेको होइन, तिनीहरुकै तथ्य, प्रमाण र गतिविधिले यो कुरा भनिरहेको छ । अब नेपाललाई अन्त्यहीन द्वन्द्वमा फँसाउन र गुलामीकरण गर्नका लागि यी सबै तानावानाहरु बुनिँदैछ ।

**० तर यसबारे अहिलेसम्म आधिकारिक कुराहरु देखिँदैन नि ?**

– यहाँ मिडियालाई प्रयोग गरेर आफ्नो अनुकूल वातावरण बनाउने, विभिन्न राजनीतिक दलहरुमा आफ्ना लठैतहरु बनाउने, देवत्वकरण गराउने क्रियाकलापहरु अहिले भइरहेका छन् । मूलधारका मिडिया भनाउनेहरुको कर्तुतहरुबाट पनि प्रष्ट देखिएको छ । राष्ट्रियताको सवालमा केही मिडियाबाहेक कसैले बोलेको छैन । यहाँ जति पनि ठूलठूला मिडियाहरु छन्, त्यसमा विदेशीहरुको लगानी, विदेशी एजेन्टहरुको लगानी छ नि त ।

**० यो एमसीसी जस्ताको तस्तै लागू हुँदैन भनेर नेताहरु भनिरहेका छन् नि ?**

– एमसीसीको विषयमा संसदभित्रका सम्पूर्ण दलहरुबीच आमसहमति भइसकेको अवस्था छ । किनभने केपी शर्मा ओलीको सरकारले पनि गत वर्ष संसदमा ल्याएकै हुन् नि । केपी ओलीकै सम्बोधन हेर्ने हो भने उसले संसदबाट पास गर्नै खोजेका थिए । तर त्यतिबेला माहोल नबनेको कारणले भएन । अर्को कुरा, एमसीसीसँग झण्डै दुई दर्जन सन्धि सम्झौताहरु आकर्षित भएर आएका छन् । कतिपय सन्धि सम्झौताहरु त अहिले बाहिर पनि आएका छैनन् । नेपालमा जति पनि राजनीतिक रडाको मच्चिएको छ, ती सबैका पछाडि ठूला हात भनेको एमसीसी हो । एमसीसीले यहाँका सुरक्षा निकाय, मिडिया, न्यायालय लगायत सबैमा सेटिङ्ग गरिसकेको अवस्था छ । पछिल्लो जुन सरकार परिवर्तन भयो त्यसमा पनि एमसीसीको प्रमुख भूमिका रहेको थियो ।

**० सबै दलहरुबीच आमसहमति नै बनेको छ भने संसदबाट पारित हुँदा तपाईंहरु के गर्नुहुन्छ ।**

– एमसीसी संसदमा दर्ता भइसकेको अवस्था छ । त्यसकारणले हामी अहिलेदेखि नै व्यापकरुपमा देशभरि रचनात्मक विरोधका कार्यक्रमहरु गरिरहेका छौं । हामीलाई पनि शंका छ कि यिनीहरुले एमसीसी पास गर्छ नै । अब हामी आन्दोलनलाई एकत्रित गर्दै, व्यापकता दिँदै सडक संघर्षका कार्यक्रमहरुलाई निरन्तरता दिइरहेका छौं । यदि संसदबाट पास भयो भने नेपालमा ठूलो द्वन्द्वको सिर्जना हुन्छ । यी राजनीतिक दलका नेताहरुको विरुद्धमा आमजनताले सचेत विद्रोह गर्ने अवस्था सिर्जना हुन्छ । किनभने व्यापकरुपमा जनस्तरबाट एमसीसीलाई खारेज गरेको अवस्था छ । जनताको भावनाविपरीत यी राजनीतिक दलहरु चलखेल गर्छ भने त्यसलाई जनताले छोड्ने अवस्था छैन । जुन संसदमा एमसीसी निर्णयार्थ प्रस्तुत हुन्छ, त्यो लाखौं जनताले संसद भवन घेर्ने अवस्था आउँछ ।

**० तपाईंहरुले विरोधका कार्यक्रमहरु घोषणा गरिसक्नुभएको छ, तर पनि त्यसको प्रभाव परेको देखिँदैन नि ?**

– हामीले विभिन्न माध्यमबाट सांसदहरुलाई सचेत गराइरहेका छौं । हाम्रा केही साथीहरुले सरकारलाई ध्यानाकर्षण गराएका छन् । यो आन्दोलनलाई जनतान्त्रिक तराई मुक्ति मोर्चा नेतृत्वदायी भूमिका खेल्दै राष्ट्रव्यापी बनाउने पहल गर्दैछौं । यसको उदाहरणस्वरुप हामी आउँदो शनिबार सिरहा जिल्लाको लहानमा एउटा विरोधको कार्यक्रम गर्दैछौं । यो एमसीसी विरुद्धको आन्दोलनलाई व्यापकरुपमा प्रत्येक स्थानीयसम्म लैजाँदैछौं । अब सांसद र मन्त्रीहरुको घर घेर्ने, पार्टी कार्यालयहरु घेर्ने लगायतका कार्यक्रमहरु गर्दैछौं । हाम्रा केही साथीहरु नेपाली कांग्रेसको पार्टी कार्यालयमा गएर नारा जुलुस पनि गरेका छन् । त्यसैले यो आन्दोलनलाई अब व्यापकता दिँदै प्रत्येक जनप्रतिनिधिहरुको घर घेर्ने, जनदबाब दिने लगायतका विविध कार्यक्रमहरु गाउँ-गाउँसम्म पुऱ्याउँदैछौं ।

**० यो एमसीसीको विरोधको नाउँमा राजसंस्था पुनर्स्थापनाको वकालत पनि गर्दै हुनुहुन्छ ?**

– राजसंस्था र हिन्दू राष्ट्र घोषणाका लागि हाम्रो आन्दोलन विगत लामो समयदेखि जारी छ । सबभन्दा मुख्य कुरा हाम्रो घर सुरक्षित रहेपछि अरु कुराहरु गर्छौं । यहाँ त देशै सिद्धिने अवस्था आयो । त्यसकारणले राजसंस्था र हिन्दू राज्य पुनर्स्थापनाको आन्दोलनलाई निरन्तरता दिँदै एमसीसीलाई रोक्न सक्नुपर्छ भनेर निष्कर्षमा पुगेका छौं । किनभने देश रहेपछि नै राजा आउँछ, हिन्दूराष्ट्र हुन्छ । त्यसकारणले यी दुईटै आन्दोलनलाई सँगसँगै अगाडि बढाइरहेका छौं । जनता सचेत भइरहेका छन् ।

**० राजसंस्था फेरि ब्युतिने सम्भावना छ त ?**

– कुनै पनि कुराको समयसीमा तोक्न मिल्दैन तर निकट भवियमा नै राजसंस्था पुनर्स्थापना हुनेमा हामी विश्वस्त छ । राजसंस्था पुनर्स्थापनाका लागि ठूलो जनविद्रोहको तयारी हुँदैछ । जब जनता सडकमा आउँछ भने ठूला-ठूला तानाशाहहरु भागेको इतिहास पनि छ नि ।

# ‘हामी हरेक मोर्चामा संघर्ष गर्न तयार छौं’



महन्थ ठाकुर (अध्यक्ष, जनता समाजवादी पार्टी नेपाल)

## अपिल

आदरणीय दिदीबहिनी तथा दाजुभाइ,

ऐतिहासिक मधेश आन्दोलनलाई दमन गर्ने अभिप्रायले राज्यद्वारा गरिएको नशस र अमानविय व्यवहारको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रहरुद्वारा घोर निन्दा गरेको इतिहासमा अंकित नै छ। खास गरि मलेठ घटना जसले सम्पुर्ण मधेशको मानस पटललाई उद्वेलित पार्न विवस गरायो साथै मधेशको राजनितीलाई नयाँ मोड दिन सफल रह्यो। फलस्वरुप मधेशका सम्पुर्ण शक्तिहरुलाई एकजुट हुन जन दवाव सृजना भयो र संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा (तमलोपा, सदभावना पार्टी, रामसपा, तमसपा, नेसपा, गणतान्त्रिक फोरम एवं ससफो नेपाल) मा आवद्ध रहेका मधेश केन्द्रित ६ वटा राजनीतिक दलहरु एकीकृत भई राजपा नेपाल नामक पार्टी बन्यो तर दुर्भाग्यवश उपेन्द्र यादवको नेतृत्वमा रहेको संघीय समाजवादी फोरम, नेपाल मधेशको एकताको भावनालाई अङ्गिकार गर्न सकेन र छुटै दलको रुपमा कार्यरत रह्यो।

विगतको समयमा विभिन्न चरणमा मधेशी, आदिवाशी जनजाति, थारु, शिल्पी (दलित), महिला, मुस्लिम, पिछडावर्ग, उत्तपीडित खस, अल्पसंख्यक लगायत अन्य पिछडीएको क्षेत्रको जनताको अधिकार, स्वाभिमान, सम्मान तथा पहिचानको ग्यारेन्टी एवं संविधान संशोधन लगायतको सवालमा एकमत हुर्दै तत्कालिन संघीय समाजवादी फोरम र राष्ट्रिय जनता पार्टी नेपाल बिच आन्दोलन देखि प्रदेशसभा एवं प्रतिनिधिसभाको निर्वाचनलाई सहकार्यको कार्यनीति अनुरुप मधेशमा मधेशी पार्टीको सरकार तथा केन्द्रमा, वहिष्करणमा पारिएका उत्पीडित जातजाति र समुदायहरुको हक अधिकार, मानसम्मान, स्वाभिमान र पहिचानको रक्षा गर्ने उद्देश्यले तालमेल भएको हो जस अनुसार प्रदेश नं. २ मा हाम्रो सरकार पनि बन्यो तर केन्द्रमा उपेन्द्र यादवले चुनावताका भएको सहकार्यलाई वेवास्ता गर्दै मुद्दाहरुको तिलान्जलि दिई कुनै सरसल्लाह नै नगरि के पी. शर्मा ओलीको सरकारमा सुटुक्कै सहभागि भए तर पनि राजपा नेपालले मधेशी जनताको भावनालाई उच्च सम्मान गर्दै प्रदेश २ मा ससफो नेपाल संगको सहकार्यलाई निरन्तरता दिई राख्यो।

२०७७ बैशाख १० गते समाजवादी पार्टी फुटको संघारमा थियो र उपेन्द्र यादव तथा डा. बाबुराम भट्टराई अत्यन्तै कम्जोर अवस्थामा पुग्ने निश्चित हुदाहुदै पनि हामीले परिवर्तन पक्षधर र संघीयतावादी तथा पहिचानवादीहरुको मुद्दा कमजोर हुन दिनु हुदैन भनि निःशर्त समानताको आधारमा रातारात पार्टी एकता गयौं। तर त्यस्तो परिस्थितिबाट उद्धार गरे बापत हामीले कहिल्यै आफलाई ठलो देखाउने प्रयास गरेनौं अपित पार्टी एकीकरण पश्चात् बराबरीको आधारमा समायोजन गर्न निरन्तर कोशिस गर्दागर्दै पनि कुनै न कुनै बहानामा उपेन्द्र यादव पक्षद्वारा समायोजनलाई रोक्ने प्रयास भई नै रह्यो।

यद्यपि राष्ट्रिय जनता पार्टी नेपाल र समाजवादी पार्टी एकीकरण गरी जनता समाजवादी पार्टी, नेपाल बनाउनुको प्रमुख उदेश्य भनेको मुलुकमा कायम रहेको सबैखाले विभेदको अन्त्य गरि सबै उत्पीडित जातजाति र समुदायहरु, मधेशी, आदिवाशी जनजाति, थारु, शिल्पी, महिला, मुस्लिम, पिछडावर्ग, उत्तपीडित खस, ल्पसंख्यक लगायत अन्य पिछडीएको क्षेत्रको जनतालाई राज्यको मुलधारमा ल्याई यथास्थितिवादी र परम्परावादी रूपमा रहेका काङग्रेस र कम्युनिस्ट पार्टीहरुको तुलनामा विचारमा बैकल्पिक र देशमा लोकतान्त्रिक मुल्य मान्यताको पहिचान सहितको संघीयतावादी समाजवादी विचारधाराको पहिलो नम्बरको पार्टी बनाउनु थियो। तर दुर्भाग्यवश त्यसो हुन सकेन। उपेन्द्र यादव पक्षले पार्टी भित्रै पुर्व समाजवादी पार्टीको विभिन्न भातृ / जनवर्गीय संगठनहरुको नाममा एकलौटि गतिविधि गर्न थाले र हामीले एकताको भावना विपरीत यस्तो कार्य नगर्नुस् भन्दा समायोजन भएको छैन त्यसकारण छुट्टा-छुट्टै कार्यक्रम गर्न मिल्छ भनेर बयानवाजी गर्न थाले।

यसैबीचमा तत्कालिन प्रधानमन्त्री के. पी. शर्मा ओलीद्वारा २०७७ पौष ५ गते प्रतिनिधिसभा भंग गर्ने काम भयो र हामीले त्यसको विरुद्धमा चरणबद्ध संघर्षका कार्यक्रमहरु गयौं र अन्त्यमा सर्वोच्च अदालतको संवैधानिक इजलासले प्रतिनिधिसभा पुनःस्थापित गर्यो। संयोगवस एउटा घटनाको सन्दर्भ चर्चा गर्नु आवश्यक छ। जुन दिन प्रतिनिधिसभा भंग भयो उक्त दिन उपेन्द्र यादव उपत्यका बाहिर थिए। त्यही दिन काठमाडौंमा उपलब्ध कार्यकारिणीका साथीहरू मा. महन्थ ठाकुरको नेतृत्वमा बैठक बस्यौं र उक्त असंवैधानिक र अलोकतान्त्रिक कदमको बिरोध गर्दै विज्ञप्ति जारी गयौं र भोलिपल्ट फेरि उपलब्ध कार्यकारिणी समितिका सदस्यहरुको बैठक बसि बन्द हडताल सम्मको संघर्षको कार्यक्रम तय गयौं पौष ७ गतेको औपचारिक बैठकबाट पारित गर्ने गरि तर उक्त दिनको बैठकमा उपेन्द्र यादवले तय गरिएका संघर्षका सबै कडा कार्यक्रमहरु प्रति असहमति दर्शाई विरोधका कार्यक्रमलाई अपेक्षाकत कमजोर बनाई कार्यक्रम घोषणा गर्न लगाए।

२०७७ फाल्गुन ११ गते प्रतिनिधिसभा पुनःस्थापना पछि पार्टीहरु ध्रुवीकृत हुन थाल्यो। ध्रुवीकरणको सन्दर्भमा जसपाको पदाधिकारी समितिको निर्णय बमोजिम हामीले भन्यौं हाम्रो माग मुद्दा जसले पूरा गर्छ त्यही पक्षसँग सहकार्य गर्नपर्छ र सोही अनुरुप हाम्रो बिचमा सबै पक्षसँग वार्ता र संवाद गर्ने करा भयो। त्यस पश्चात मा. महन्थ ठाकुर, मा. उपेन्द्र यादव, मा. अशोक राई, डा. बाबुराम भट्टराई, मा. राजेन्द्र महतो सहित हामीहरु संयुक्त रुपमा नेकपा एमाले, नेपाली काङग्रेस तथा नेकपा माओवादीसँग छुट्टाछुट्टै संवाद गयौं र नेकपा एमालेको के.पी. शर्मा ओलीको नेतृत्वमा रहेको सरकारले हामीसँगको वार्ता र संवादको आधारमा हाम्रो माग मुद्दा पूरा गर्ने प्रतिबद्धता मात्रै होइन कि क्रमशः मन्त्रीपरिषद्बाट निर्देशिका संशोधन गरि १८ थान मुद्दामा १३९ जना माथि लागेको मुद्दा फिर्ता गर्यो, नागरिकता सन्दर्भमा करिब ५/६ लाख नेपाली नागरिकलाई प्रत्यक्ष रुपमा लाभ पुग्ने गरि अध्यादेश जारि गर्यो र संविधान संशोधनको निम्ति मन्त्रीपरिषद्बाट निर्णय गरि संयुक्त कार्यदल गठन भयो। यी कामहरु भए पछि हामीले नेकपा एमालेको सरकारसँग सहकार्य गर्न पार्टीमा प्रस्ताव गर्दा उपेन्द्र यादव पक्ष पन्छिन थाले। त्यस पश्चात उपेन्द्र यादव पक्ष, पार्टीको निर्णय बिना विपक्षी गठबंधनसँग साठगाँठ बढाउन थाले। जसले गर्दा पार्टी भित्र असहज स्थिति उत्पन्न हुन थाल्यो।

यसै क्रममा लुम्बिनी प्रदेशमा रहेका हाम्रा ६ जना प्रदेशसभा सदस्यहरु मध्ये ४ जना सदस्यहरुले बहुमतबाट निर्णय गरि मा. शंकर पोखरेलको सरकारमा सहभागी हुने निर्णय गर्यो। लुम्बिनी प्रदेशमा प्रदेश समितिहरु समायोजन नभएकोले पुर्व राजपाको प्रदेश समितिले सरकारमा सहभागी हुने निर्णयलाई साथ दियो जबकि प्रदेश संसदीय दलमा अल्पमतमा रहेका पुर्व समाजवादी पार्टी तर्फको प्रदेश समितिले कार्वाही गर्ने निर्णय गर्यो। सोही आधारमा उपेन्द्र यादव पक्षले हामीहरुसँग छलफल नै नगरि अवैध ढंगले प्रदेशसभा चारै सदस्यहरुको पद समाप्त हुने गरि कार्वाही गरे र प्रदेशसभाका सभामुखले पनि यथार्थ नबुझी बदनियतपुर्ण तरिकाले तत्काल सूचना टाँस गरि चारै जना प्रदेशसभा सदस्यहरुको पद समाप्त भएको घोषणा गरे। यस घटनाले पार्टी भित्र दुवै पक्ष बिच दुरी बढायो नै सँगसँगै नेतृत्वको बिच विश्वासको संकट पनि पैदा भयो।

यसै बिच तत्कालीन प्रधानमन्त्री के. पी. शर्मा ओलीले सदनमा २०७२ वैशाख २७ गते विश्वासको मत लिने निर्णय भयो। पार्टी एकढिक्का राख्न हामी तटस्थ बस्न तयार भयौं तर उपेन्द्र यादव पक्षधर सांसदहरु विपक्षमा मतदान गरे। यस घटनाले पनि दुवै पक्ष बीच दूरी बढाउने काम गर्यो। अझ त्यही दिन साँझ उपेन्द्र यादव पक्षले पार्टी भित्र सल्लाहै नगरी विपक्षी गठबंधनसँग मिली संविधानको धारा ७६(२) बमोजिम सरकार बनाउन राष्ट्रपतिलाई आह्वान गर्न साझा विज्ञप्ति जारी गरे पछि दुबै पक्ष बीच झनै दुरी बढ्दै गयो।

२०७८ ज्येष्ठ ४ गते दुबै अध्यक्ष बीच सहमति गरि जारी भएको विज्ञप्तिको भावना विपरित उपेन्द्र यादव पक्ष विपक्षी गठबंधनसंगै खुल्ला रुपमा लागे। संविधानको धारा ७६(५) अनुसार २०७८ ज्येष्ठ ६ गते सरकार निर्माणको लागि अह्वान भए पछि तत्कालिन प्रधानमन्त्रीले हाम्रो केही माग मुद्दाहरु पुरा गरेको हुनाले हामीले संसदीय दलको बहुमतले प्रतिनिधिसभा सदस्य के. पी. शर्मा ओलीलाई समर्थन गर्ने निर्णय गर्यो र उपेन्द्र यादव पक्ष संसदीय दलको निर्णयको विपरीत विपक्षी गठबंधनसँगै लागे। यस घटना पछि प्रतिशोधात्मक भावना लिई उपेन्द्र यादव पक्ष एकतर्फी रूपमा पाँच दशक भन्दा लामो राजनीतिक जिवनलाई समाप्त पार्ने उद्देश्यले लोकतन्त्र, समानता एवं मधेशवादका लागि समर्पित भएका निष्ठा तथा इमान्दारीताका प्रतिमुर्ती देशका सर्वमान्य तथा आदर्शवादी नेता पार्टीका पहिलो वरियताका अध्यक्ष मा. महन्थ ठाकुर, वरिष्ठ नेता मा. राजेन्द्र महतो, मा. लक्ष्मण लाल कर्ण, मा, सर्वेन्द्रनाथ शुक्ललाई स्पष्टीकरण सोध्ने देखि लिएर पार्टीबाट निष्कासन गर्ने सम्मको कार्वाही गरी पार्टीमा अराजक कृयाकलाप गर्न थाले।

हाम्रा केही माग मुद्दाहरु पूरा भएको र बाँकी रहेका माग मुद्दाहरु पुरा हुने प्रतिवद्धता रहेकोले २०७८ ज्येष्ठ २१ गते हामी सरकारमा सहभागी भयौं। तर त्यसको ४८ घण्टा नवित्दै प्रदेश दुईका जनताको जनादेश, मर्म र भावना विपरीत तथा पार्टी एकताको विरुद्धमा उपेन्द्र यादव पक्षद्वारा प्रदेश २ मा हाम्रा पक्षका मन्त्रीहरुलाई सरकारबाट पद मुक्त गरियो। प्रदेश २ मा जसपा नेपालको स्पष्ट बहुमत हुदाँहुदै बदनियतपुर्ण तरिकाले उपेन्द्र यादव पक्षले मधेशी भावना विपरीत नेपाली काङग्रेस र नेकपा माओवादीलाई सरकारमा सहभागि गरायो। स्मरण रहोस जतिखेर उपेन्द्र यादव के पी शर्मा ओलीको सरकारमा सहभागी भएका थिए त्यतिखेर हामी माथी दवाव थियो प्रदेश २ मा सरकार फेर्ने, त्यति मात्रै होइन राष्ट्रियसभाको चुनावताका पनि प्रदेश २ को सरकार फेर्ने दवाव थियो तर हामीले फेरेनौं। तर उपेन्द्र यादव पक्ष प्रदेश २ को जनताको अभिमतको बिरुद्ध सरकारबाट हाम्रा साथीहरूलाई अपमानित गरेर मन्त्री पदबाट पद मुक्त गरे।

हामी हाम्रो माग मुद्दा प्रति प्रतिबद्ध छौं। मुलुकमा मधेशी, आदिवासी जनजाति, शिल्पी, मुस्लिम, थारु, महिला, उत्पीडित खस, पिछडावर्ग लगायत राज्यबाट वहिष्करणमा पारिएका उत्पीडित जात समुदायद्वारा आफ्नो पहिचान र हक अधिकारका लागि संविधानमा रहेको असन्तुष्टि सम्बोधन गराउने सवालमा संविधान संशोधन मार्फत बहुभाषिक नीति, नागरिकता समस्याको पुर्ण समाधान, राष्ट्रियसभामा समान जनसंख्याको आधारमा प्रतिनिधित्व, राज्य पुनर्सरचनाको सवालमा दस प्लस एक स्वायत्त प्रदेशको व्यवस्था, सबै जातजाति र समुदायहरुको संवैधानिक आयोग, नियोग, परराष्ट्र सेवा, स्वास्थ सेवा, न्यायालय, सेना, प्रहरी, निजामती सेवा, वितिय संस्था लगायत राज्यको हरेक निकायमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा प्रतिनिधित्व, सबै तहमा समान जनसंख्याको आधारमा निर्वाचन क्षेत्रको निर्धारण, शक्तिशाली जन व्यवस्था, स्थाई प्रकृतिको संघीय आयोग, प्रदेशहरुको सिमाना हेरफेर गर्न सम्बन्धित प्रदेशहरुसँग परामर्श गरे पुग्ने व्यवस्था, अवशिष्ट अधिकार प्रदेश मातहत, संघीय व्यवस्था अनुरुप प्रदेशहरु अधिकार सम्पन्न गर्नु पर्ने, पूर्ण समानुपातिक निर्वाचन प्रणाली, छुट्टै संवैधानिक अदालतको व्यवस्था लगायत संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाद्वारा आन्दोलन ताका उठाइएका ११ बुदे मागहरु सम्बोधन लगायत, लाल आयोगको प्रतिवेदन सार्वजनिक, आन्दोलनकारी माथि लगाइएका फिर्ता लिन बाँकी रहेका मुद्दाहरुको फिर्ता, बाँकी रहेका बलिदानी दिएका आन्दोलनकारीहरुलाई शहिद घोषणा, स्थानीय तहमा सहमति भए बमोजिम संख्या थप्ने, खस समुदायको छुट्टै पहिचान स्थापित गराउने, शिल्पी पहिचान स्थापित गर्ने जस्ता माग मुद्दाहरु हाम्रा उच्च प्राथमिकतामा छन।

उपेन्द्र यादव पक्षद्वारा २०७८ आषाढ ४ गते पार्टी फुटाउनको लागि आधिकारिकता सम्बन्धमा दिइएको निवेदन उपर निर्वाचन आयोगद्वारा गरिएको फैसला प्रति हाम्रो चित्त बुझेको छैन। सर्वोच्च अदालतमा हामीले रिट दिएका छौं र न्याय पाउँने सवालमा आशावादी छौं। यस बिचमा उपेन्द्र यादव पक्षले हाम्रो पक्षलाई गल्ति स्वीकार गरि आत्मआलोचना गरेमा जनता समाजवादी पार्टी, नेपालमा स्थान दिन सकिन्छ भनि उर्दी जारि गरेका छन्। हामी जनताको कठघरामा उभेर भन्न चाहन्छौं, के आन्दोलनकारीहरु माथि लागेको मुद्दा फिर्ता तथा बन्दी रिहाई गराउनु गल्ती हो, के मधेशी अधिकारको लागि लड्ने एउटा पार्टी (समाजवादी पार्टी) फुट्दै गर्दा आफु जोखिम मोलेर पनि पार्टी बचाउनु अपराध हो, के नागरिकताको लागि अध्यादेश ल्याउन लगाउनु त्रुटी हो, के संविधान संशोधनको निम्ति कार्यदल बनाउन लगाउनु गल्ती हो, के उत्पीडित जातजाति र समुदायहरुको पहिचान र अधिकारको निम्ति माग मुद्दा सम्बोधन गराउन सरकारसँग सहकार्य गरि दवाव दिन अपराध हो? यदि हो भन्ने जनताको हितका लागि यस्ता गल्ती, त्रुटी र अपराध हामी बारम्बार गर्न तयार छौं।

आफू १८ महिना मा. के.पी. शर्मा ओलीको सरकारमा बस्दा माग मुद्दाको सबालमा एउटा सिन्को भाँच्न नसक्नेले हामी १८ दिनमै माग मुद्दाहरु पुरा गराउँदा हामी तिर औला देखाई रहेका छन्। अरुलाई एउटा औलाँ देखाउनेले आफु तिर फर्कका चार औलालाई सम्झीनै पर्छ र जनतालाई जबाफ दिन तयार बस्नु पर्छ। प्रतिनिधिसभामा राजपाका सांसदहरुले मधेश आन्दोलन लगायतको आन्दोलनका सबै मुद्दा फिर्ता, लाल आयोगको प्रतिवेदन सार्वजनिक, नागरिकता विधेयकमा सहमति लगायतको माग मुद्दा सम्बोधन गराउने उद्देश्यले २२ दिन सम्म संसद लगातार अवरुध गर्दाका वखत तत्कालिन संघीय समाजवादी फोरम नेपाल मुख दर्शक भएर बसे। मधेशी, आदिवाशी जनजाति, थारु, शिल्पी, महिला, मुस्लिम, पिछडावर्ग, उत्तपीडित खस, अल्पसंख्यक लगायत अन्य पिछडीएको क्षेत्रको जनताको अधिकार प्राप्तिको सवालमा एकल जातिय राज्यको समाप्ति तथा बहुल राष्ट्रिय राज्यको स्थापनाको निम्ति राष्ट्रिय मुक्ति आन्दोलनको अपरिहार्यता महशुस गर्दै हामी हरेक मोर्चामा संघर्ष गर्न तयार छौं। त्यस प्रति हाम्रो प्रतिवद्धता, हाम्रो निष्ठा र अर्जुण दृष्टीमा कुनै विचलन आएको छैन्। संघर्ष प्रति हाम्रो संकल्प पनि यथावत नै छ। यसको निम्ति दृढ इच्छा शक्ति, सक्षम नेतृत्वको समूह, निष्ठावान कार्यकर्ताको ठुलो जमात र नीति कार्यक्रम जिवन्त रुपमा विद्धमान छ।

अतः समाजका सबै वर्ग विद्यार्थी, यूवा, किसान, मजदुर, व्यवसायी, उद्योगपति, बुद्धिजिवि लगायत आम जन समुदायमा हाम्रो यस अभियान, लक्ष्य प्रति एक्यबद्धता प्रकट गर्दै पुर्ण सहयोग र समर्थनको निम्ति हार्दिक अपिल गर्दछौं।

*मिति :२०७८ श्रावण २०*

## संक्षिप्त समाचार

### युवा जनमत संघद्वारा आन्दोलनको चेतावनी

रौतहट। जनमत पार्टीको भातृ संगठन युवा जनमत संघ रौतहटले जिल्ला अस्पताल गौरको सुधारको माग गर्दै आन्दोलनको चेतावनी दिदै युवाहरुलाई आन्दोलनको लागि तयार रहन जिल्ला संयोजक ज्वाला रणवीर उर्फ बिबेकले एक विज्ञप्ति जारी गरी आह्वान गरेका छन्।जिल्ला अस्पताल गौरमा विरामी उपचारमा बढेको चरम लापरवाही, चिकित्सक स्वास्थ्यकर्मी र कर्मचारीहरुको गैर जिम्मेवारीपुर्ण रवैया, डिउटीमा अनुपस्थित र साधन स्रोतहरूको दुरुपयोग, आवश्यक दरबन्दीको अभाव र जिल्ला अस्पताल रिफर अस्पतालको परिचय बनाएको प्रति जनमत पार्टीको भातृ संगठन युवा जनमत संघ जिल्ला परिचालन समिति रौतहटको गम्भीर ध्यानाकर्षण भएको जनाएको छ। जिल्ला अस्पताल गौरमा हाल रहेको बेथिति यथा सिघ्र गरिएन भने सुधारका लागि जनमत पार्टी को भातृसंगठन युवा जनमत संघ जिल्ला परिचालन समिति रौतहट, रौतहटको जनताको स्वास्थ्य संग हुने कुनै पनि खेलबाड लाई बरदास्त गर्ने छैन भनी बताएको छ। वाध्यतावश जिल्ला अस्पताल सुधारका लागि कडाभन्दा कडा आन्दोलन गरिने र अस्पताल सुधारका लागि आन्दोलन गर्नका लागि तयार रहन युवाहरु हरुलाई आवाहन गरेको छ। युवा जनमत संघ जिल्ला परिचालन समिति रौतहटको जिल्ला संयोजक ज्वाला रणवीर उर्फ बिबेकले विज्ञप्ति जारी गरेका छन्।

### आमाहरुलाई हलुवा वितरण

महोत्तरी। महोत्तरी जिल्लाको मटिहानी नगरपालिका अन्तर्गत रहेका सुनौलो हजार दिनका आमाहरुलाई विभिन्न चौकी मार्फत पौष्टिक आहार हलुवा वितरण कार्यक्रम शुरु भएको छ। मटिहानी नगरपालिकाद्वारा सञ्चालित बहुक्षेत्रीय पोषण कार्यक्रमअन्तर्गत आमाहरुलाई पोषित रहन सुनौलो हजार दिनका आमाहरुलाई उच्तम तयारी पौष्टिक आहार हलुवा प्रत्येक वडाका ४० जनालाई गरी नौं वटा वडाका ३ सय ६० जनालाई वितरण गरिने कुरा स्वास्थ्य तथा सामाजिक विकास शाखाका प्रमुख पवन मण्डलले बताए। यसैबीच सुनौलो हजार दिनका आमाहरुलाई दिइने हलुवा कार्व्रक्रमको आज मटिहानी नगरपालिका प्रमुख हरि प्रसाद मण्डलले स्वास्थ्य चौकी मटिहानीमा वितरण कार्यक्रमको शुभारम्भ गरेका हुन्। कार्यक्रममा उनले हलुवाले गर्भवती र सुत्केरी महिलाहरुलाई पोषित हुन सहयोग पुग्ने बताए। कार्यक्रममा वडा नं. ६ का वडा अध्यक्ष रामबाबु नायक सहितकाहरुको उपस्थिति रहेको थियो।

### बहुमतको सरकार गठनको माग

बुटवल। लुम्बिनी प्रदेशका चार विपक्षी दलले बहुमतको सरकार गठनका लागि माग गरेका छन्। विपक्षी नेपाली कांग्रेस, माओवादी केन्द्र, जनता समाजवादी पार्टी नेपाल र राष्ट्रिय जनमोर्चाले यस्तो माग गरेका छन्। संविधानको धारा १६८(२) अनुसार बहुमतको सरकार गठनका लागि विपक्षी चार दलले आह्वान गर्न प्रदेश प्रमुखसँग माग गरेका छन्। सोमबार कांग्रेस, माओवादी केन्द्र, जसपा र राष्ट्रिय जनमोर्चाका संसदीय दलका नेताले संयुक्तरुपमा प्रदेश प्रमुख अमिक शेरचनलाई निवेदन बुझाएका छन्। नेपाली कांग्रेस संसदीय दलका नेता वीरेन्द्र कुमार कनौडिया, नेकपा (माओवादी केन्द्र) का संसदीय दलका नेता कुलप्रसाद केसी, जनता समाजवादी पार्टी संसदीय दलका नेता सहसराम यादव र राष्ट्रिय जनमोर्चाकी संसदीय दलकी नेता तारा जिसीले संविधानको धारा १६८ (१) अनुसार एकल बहुमतको मुख्यमन्त्री नियुक्त भएका शंकर पोखरेलले बहुमत गुमाएको भन्दै दुई वा दुई भन्दा बढी दलको समर्थनमा बहुमतको सरकार गठनको आह्वान गर्न माग गरेका हुन्।

### जैविक मल उद्योगको शिलान्यास

जनकपुरधाम। प्रदेश २ का भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्री शैलेन्द्र प्रसाद साहले जैविक मलबाट माटो, जल र वायुलाई फाइदा गर्ने बताएका छन्। धनुषाधाम नगरपालिका वडा नम्बर ३ को तेजनगर जानकी निवासमा आरोह फर्टिलाइजर प्रालि उद्योगको शिलान्यास गर्दै मन्त्री साहले यस्तो बताएका हुन्। नेपालकै सबैभन्दा ठुलो जैविक मल उद्योग भएको बताउँदै मन्त्री साहले उक्त उद्योग सञ्चालन गराउनमा सबैभन्दा बढी सहयोग गर्नुपर्ने बताए। उनले नेपाल सरकारले अहिलेसम्म ३ प्रतिशत भन्दा बढी कृषि प्रधान देशमा लगानी नगरेको बताए। कार्यक्रममा आरोह फर्टिलाइजर प्रालिका अध्यक्ष शैलेन्द्र शमशेर राणा तथा आङ्कामी लामा उद्योग बारे जानकारी दिएका थिए । उद्योग मनोज प्रताप मल्लको जमिन ३ विघाहा १२ कट्ठा १० धुर रहेको छ। उद्योग सञ्चालन गर्नमा २८ करोड स्टमेट गरेको र ९ महिना भित्र उद्योग सञ्चालन गरिने जानकारी दिइयो। उद्योगबाट वार्षिक ७ हजार ५ सय मेट्रिक टन मल उत्पादन हुने छ।

### बाँध हटाउन भारतलाई पुनः आग्रह

रौतहट। रौतहट जिल्ला प्रशासनले दशगजामा एकपक्षीय रूपमा बनाएको बाँध हटाउन भारतीय पक्षलाई पुनः आग्रह गरेको छ। भारतको बिहारस्थित पूर्वी चम्पारण जिल्लाको मोतीहारीमा भारतीय समकक्षीसँगको समन्वय बैठकमा रौतहटका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले मोतीहारीका प्रमुख (डीएम) कपिल अशोकलाई बाँध हटाउन आग्रह गरेका हुन। रौतहटको ईशनाथ-१ बन्जाराहामा दशगजा अतिक्रमण गरी भारतीय पक्षले बाँध बनाएको छ। एक वर्षदेखि उक्त क्षेत्र खाली गर्न भारतले प्रतिबद्धता मात्र जनाउँदै आएको छ। बाँध निर्माणको विरोधपछि गत वैशाखमा दुवै मुलकका अधिकारीहरुको टोलीले जीपीएस माध्यमबाट सर्भे गरेको थियो। दशगजा मिचिएको पुष्टि भएपछि भारतले त्यतिबेला सार्ने भनेको थियो। बैठकमा बन्जाराहाको ३४७ नं सीमास्तम्भ मर्मत गर्न भारतीय पक्ष सकारात्मक देखिएको यादवले बताए। यस्तै, बाढी आउँदा सीमामा रहेको बाँधमुनिको गेट आवश्यकताअनुसार खोल्न, कोरोना व्यवस्थापनमा द्विपक्षीय सहयोग आदानप्रदान, अत्यावश्यक मेडिकल उपकरणलाई सहज रूपमा आयात गर्न पनि सहमति जुटेको उनले जानकारी दिए। यसअघि गत असार २६ मा सीतामाढीमा यस्तै बैठक बसेको थियो।

### डुबेर तीन जना बालिकाको मृत्यु

कैलाली। भजनी नगरपालिका-९ पचमुडियास्थित कान्द्रा नदीमा पौडी खेल्ने क्रममा डुबेर ३ जना बालिकाको शुक्रबार दिउँसो मृत्यु भएको छ। मृत्यु हुनेहरूमा सोही नगरपालिका-डमपुर बस्ने धन बहादुर सिंहकी छोरी ९ वर्षीया लक्ष्मी कुमारी सिंह, सोही ठाउँ बस्ने रामफल चौधरीकी छोरी ७ वर्षीया जेनी चौधरी र धन बहादुर सिंहकी छोरी ६ वर्षीया अनु सिंह रहेका छन्।

### कलैया उपमहानगरमा विद्यालय सञ्चालन

कलैया। बाराको कलैया उपमहानगरपालिकाका विद्यालय सोमबारदेखि खुलेका छन्। नगर शिक्षा समितिको निर्णय अनुसार भौतिक उपस्थितिमै पठनपाठन शुरु गरिएको कलैया उपमहानगरपालिकाले जनाएको छ। नगर शिक्षा समितिको साउन १५ गते बसेको बैठकले कोरोना संक्रमण घटेकाले स्वास्थ्य सुरक्षा मापदण्ड पालना गरेर विद्यालय खेल्ने निर्णय गरेको थियो। कोरोना महामारीको दोस्रो लहर शुरु भएपछि गत वैशाख १३ गतेबाट विद्यालयहरु बन्द गरिएको थियो। नगर शिक्षा समितिले विद्यार्थीको भौतिक उपस्थितिमा विद्यालयको माथिल्लो कक्षा सञ्चालन गर्ने निर्णय गरेको थियो। सोही अनुसार कलैयाका निजी तथा सामुदायिक विद्यालय सञ्चालनमा आएका छन्। कलैया उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत प्रल्हाद वर्णवालले सूचना निकालेर माथिल्ला कक्षा भौतिक उपस्थितिमा सञ्चालन गर्न निर्देशन दिएका थिए। सूचनामा कक्षा १-५ सम्म अध्यापन हुने आधारभूत विद्यालयलाई कक्षा ४ र ५, कक्षा १ देखि ८ सम्म अध्यापन हुने आधारभूत विद्यालयलाई कक्षा ६, ७ र ८, कक्षा १ देखि १० सम्म अध्यापन हुने माध्यमिक विद्यालयलाई कक्षा ८, ९ र १० र कक्षा १ देखि १२ सम्म अध्यापन हुने माध्यमिक विद्यालयलाई कक्षा ८ देखि १२ सम्म भौतिक उपस्थितिमा सञ्चालन गर्न आग्रह गरिएको छ। कलैयामा ७२ वटा सामुदायिक विद्यालय छन् भने ४० वटा निजी तथा आवासीय विद्यालय छन्।

### लागूऔषधसहित पक्राउ

कैलाली। भजनी नगरपालिका-५ कौवाखेडा घाटबाट १२ ग्राम ६ सय ३० मिलिग्राम अबैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने धुलो पदार्थ सहित भारत उत्तर प्रदेश लखिमपुर खिरी बस्ने २५ वर्षीय जितेन्द्र सिंहलाई प्रहरीले पक्राउ गरेको छ। यूपि ३१ एएफ ८१६७ नम्बरको मोटरसाइकललाई ईलाका प्रहरी कार्यालय भजनीबाट खटिएको प्रहरी टोलीले जाँच गर्ने क्रममा मोटरसाइकलमा सवार उनलाई उक्त पदार्थ सहित फेला पारी पक्राउ गरेको हो।

# जसपा विभाजन समग्र मधेशकै अहितमा



**किशोर कुमार यादव**
**अध्यक्ष, राष्ट्रिय विद्यार्थी संघ**

जनता समाजवादी पार्टी नेपालको विवाद बढ्दै निर्वाचन आयोगसम्म पुगेको छ। निर्वाचन आयोगले बहुमतको आधारमा एक जना अध्यक्षलाई आधिकारिकता प्रदान पनि गरेको छ। म एउटा युवा-विद्यार्थी र आन्दोलनकारीको दृष्टिकोणले पार्टीभित्रको सम्पूर्ण विवादलाई हेर्दा एकदम दुःखद विषय हो। आन्दोलनको भरमा आज जसपा निर्माण भएको हो। हाम्रा शीर्ष नेतृत्वहरुको व्यवहारका कारण पार्टीभित्र दुःखद घटनाहरु भइहेका छन्। पूर्वराजपा र पूर्वसमाजवादी एकीकरण गरेर यो देशमा एउटा वैकल्पिक शक्तिको निर्माण हुनुपर्छ भन्ने भावना मधेशी, आदिवासी जनजाति, थारु लगायत सम्पूर्ण उत्पीडित जनताको थियो। खासगरी, मधेशी जनताले मधेशका सबै राजनीतिक दल एक भएर आफ्ना अधिकारका लागि संघर्ष गरोस् भन्ने चाहना थियो।

जुन दिन जनता समाजवादी पार्टी नेपालको घोषणा भएको थियो, त्यो दिन मधेशभरिका जनता उत्साहित भएका थिए, जनतामा एक किसिमको आशाको किरण देखिएको थियो। मधेशका जिल्लाहरुमा खुशियालीमा दिपावली मनाइएको थियो। अर्को चुनावमा जनताले यो जसपालाई पूर्ण साथ दिने मन बनाइसकेको थियो। तर पछिल्लो चरणको विवादका कारण जनताको सपनामाथि कुठाराघात भएको छ। अहिले जुन किसिमको विवाद छ, दुई चिरामा पार्टी विभक्त र एकले अर्कालाई निषेध गर्ने जुन कामहरु भइरहेका छन्, यसबाट जनता विचलित भएका छन्।

> **जसपाको विभाजन भनेको हामीजस्ता युवा विद्यार्थी नेताहरुका लागि ठूलो नोक्सानको कुरा हो। जसपाको एकता कायम गराउनका लागि हामी युवा विद्यार्थीहरु एक ठाउँमा आउनैपर्छ।**

जसपाभित्रको यो विवादका कारण खासगरी हामी जस्ता युवा विद्यार्थी नेताहरुका लागि ठूलो घाटा भएको छ। यसले केही नेताहरुका लागि फाइदा भएको होला तर मधेशका युवा नेतृत्व र मुद्दा कमजोर भएको देखिन्छ। भोलीका दिनमा जुन निर्वाचनहरु हुन्छ, त्यसको परिणामले यी कुराहरु देखाउँछ। समग्रमा हेर्ने हो भने जसपाको विवादले हामीजस्ता युवा विद्यार्थीहरु एकदमै मर्माहित भएका छौं।

जसपाभित्रको आधिकारिकता विवाद टुंगो त लाग्यो तर यसले पार्टीभित्र विभाजनको रेखा कोरेको छ। अध्यक्ष उपेन्द्र यादव पक्षले आधिकारिकता पाइसकेपछि उसले आफ्नो दायित्व बिर्सेको देखिन्छ। किनभने निर्वाचन आयोगले पार्टीलाई विभाजन गरेको छैन, कुनै एउटा पक्षलाई बहुमतको आधारमा आधिकारिकता मात्रै दिएको हो। यसको मतलब यो होइन कि अल्पमत रहेको पक्ष जसपा होइन भनेर। पार्टीभित्र अल्पमत र बहुमत भइरहन्छ। अल्पमतमा रहेका महन्थ ठाकुर पक्ष पनि जसपाकै हुनुहुन्छ। अल्पमतमा रहेको पक्षले हामी जसपामा बस्दैनौं वा छैनौं अथवा नयाँ पार्टी दर्ता गर्छौं पनि भनेको छैन। एक पक्षले आधिकारिकता पाइसकेपछि उसले सबैलाई मिलाएर अगाडि बढ्नुपर्ने थियो। तर एउटा भ्रम देखिएको छ कि आधिकारिकता पाउने पक्षकै पार्टी भयो, अल्पमतमा रहेकाहरु पार्टीका नेता नै होइन। यसले राजनीतिकरुपमा धेरै नै नोक्सानी बेहोर्नुपर्ने हुन्छ। जसपाभित्र विवाद सुरु हुँदाको बखतदेखि नै सैद्धान्तिकरुपमा बहस हुनुपर्ने थियो। आन्तरिक विवादलाई पार्टीभित्र नै मिलाउनुपर्ने थियो। तर, केही अपरिपक्क र अल्पज्ञानी बुद्धिजीवी नेताहरुका कारण पार्टीको यो अवस्था भएको छ।

पार्टीभित्रै वैचारिक संघर्ष, बहस वा सैद्धान्तिक छलफल हुनुपर्ने थियो। अहिले पनि केही बिग्रेको छैन। यदि वास्तवमै वैकल्पिक शक्ति बनाउने हो भने फरक मतलाई पनि पार्टीभित्र स्थान दिनुपर्छ। हामी युवा विद्यार्थी नेताहरुले पनि केही कमीकमजोरी गरेकै हौं। हाम्रा कतिपय साथीहरु नेताहरुको पिछलग्गु वा झोलेको रुपमा काम गर्‍यौं। आफूले कुनै नेताको गुणगान गर्‍यौं भने केही पद पाइहाल्छौं कि भन्ने सोचबाट पनि हाम्रा युवा नेतृत्वहरु ग्रस्त देखिन्छन्। यदि हाम्रो पार्टी नै रहेन भने हामी राजनीतिक कहाँ गर्ने, जनतालाई के मुख देखाउने कुराहरु अहिले पनि सुझबुझ पलाओस्।

जसपाको विभाजन भनेको हामीजस्ता युवा विद्यार्थी नेताहरुका लागि ठूलो नोक्सानको कुरा हो। जसपाको एकता कायम गराउनका लागि हामी युवा विद्यार्थीहरु एक ठाउँमा आउनैपर्छ। अहिले पनि समय छ कि गम्भीरतापूर्वक सोचेर विगतका कमी कमजोरीलाई सुधार्नुपर्छ। यो देशमा मधेशदेखि लिएर पहाड र हिमालसम्मका दलित, आदिवासी जनजाति, उत्पीडित जनताको अधिकारका लागि संघर्ष गरेर सबैको अधिकार स्थापित गर्ने उद्देश्यका साथ यो पार्टीको गठन भएको थियो। जहिले पनि हामी कांग्रेस, एमाले वा माओवादीको पिछलग्गु हुनु हुँदैन भन्ने कुराका लागि हामीले दबाब सिर्जना गर्नैपर्छ।

एउटा पवित्र उद्देश्यका साथ जसपाको निर्माण भएको कुरालाई हाम्रा नेता कार्यकर्ताहरुले बिर्सिनु हुँदैन। जसपाको एक वर्ष पूरा नहुँदै विभाजनको अवस्थामा पुग्नु अति नै दुःखद् कुरा हो। हामीले जसपालाई लिएर एउटा चुनावसम्म पनि पुग्न सकेनौं, जनताको अभिमत पनि हेर्न पाएनौं। वास्तवममा यो वैकल्पिक शक्तिलाई जनताले कतिको साथ दिन्छ भन्ने कुराको परीक्षणसमेत हुन सकेन। यदि वास्तवमै पवित्र उद्देश्यका लागि पार्टी एकता गरिएको थियो भने शीर्षस्थ नेताहरुले आआफ्नो कमी कमजोरीको समीक्षा गर्नु आवश्यकता छ।

## विद्यालय व्यवस्थापन समिति गठन गर्ने विषयमा झडप

रौतहट। रौतहटको माधवनारायण नगरपालिकामा विद्यालय व्यवस्थापन समिति गठन गर्ने विषयमा दुई समूहबीच झडप भएको छ। माधवनारायण नगरपालिका-४ मा रहेको विद्यालयमा व्यवस्थापन समिति गठन गर्ने विषयमा वडा नम्बर ४ का अध्यक्ष रामदेनी मुखिया र विद्यालय व्यवस्थापन समितिका पूर्वअध्यक्ष देवनारायण भगत मालीको समूहबीच झडप भएको हो। झडपमा परेर दुबै समूहका गरी १९ जना घाइते भएको इलाका प्रहरी कार्यालय गरुडाका प्रहरी नायब उपरीक्षक श्रीराम भण्डारीले जानकारी दिए। विद्यालय व्यवस्थापन समितिमा बस्न छोराछोरी विद्यालयमा अध्ययनरत हुनुपर्ने प्रावधान रहेको तथा व्यवस्थापन समितिमा बस्नकै लागि वडाध्यक्ष मुखियाका छोरा रामतलेवर मुखिया आफ्नो बच्चा भर्ना गराउन विद्यालय पुगेको बेला विवाद भई झडप भएको थियो। झडपमा परी घाइते भएकाहरूको स्थानीय स्वास्थ्य संस्थामा उपचार भइरहेको तथा उनीहरूको अवस्था सामान्य रहेको प्रहरी नायब उपरीक्षक भण्डारीले बताए। झडपमा संलग्न रहेको आरोपमा दुई जनालाई नियन्त्रणमा लिइ घटनाबारे थप अनुसन्धान भइरहेको रौतहटका प्रहरी प्रवक्ता नारायणप्रसाद चिमोरियाले जानकारी दिए।

## सोलार जडानमा प्रदेश सरकारले सहयोग गर्ने

वीरगञ्ज। प्रदेश २ सरकारले सञ्चारमाध्यमलाई सौर्य उर्जा जडानमा सहयोग गर्ने तयारी गरेको छ। प्रदेश २ का उर्जा तथा खानेपानी विकास मन्त्री ओमप्रकाश शर्माले सञ्चारमाध्यमलाई सौर्य उर्जा जडानमा सहयोग गर्ने तयारी भइरहेको बताएका हुन्। विद्युतमा लाग्ने खर्च कटौतीमा योगदान मिलोस् भन्ने उद्देश्यले सञ्चारमाध्यमलाई वैकल्पिक उर्जा सहयोग गर्ने सोच आफूले बनाएको उनको भनाइ छ। आफ्नो सम्मानमा प्रेस युनियन पर्साद्वारा वीरगञ्जमा आयोजित कार्यक्रममा बोल्दै मन्त्री शर्माले सौर्य उर्जा जडानमा कसरी सहयोग गर्ने भनेर कार्यविधि बनाउन सरोकारवालासँग छलफल भइरहेको बताए। 'रेडियो, टेलिभिजनलगायतका सञ्चारमाध्यम सञ्चालनका क्रममा विद्युतमा ठूलै रकम खर्च हुने गरेको सुनेको छु। विज्ञापनको बजार सानो भएकोले त्यतिधेरै आम्दानी पनि हुँदैन। सोलार जडान गर्न सके उनीहरुको विद्युत खर्च कटौती हुन्थ्यो' उनले भने, 'निजी सञ्चारमाध्यमलाई कसरी सहयोग गर्न सकिन्छ भनेर सल्लाह भइरहेको छ। त्यसपछि कार्यविधि बनाएर योजना अघि बढाउँछौं।' एउटा रेडियोले मासिक ३० हजार भन्दा बढी विद्युत महशुल तिर्दै आएका छन्। तीन वर्ष विरोध गरेको सरकारलाई जोगाउन बाध्यतावश सरकारमा जानु परेको बताउँदै उनले उर्जा र खानेपानी सेवा विस्तारका लागि सकेको काम गर्ने बताए।


- जीवनाशक विषादीहरू निःसन्देह जीवघाती हुन्। होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ।
- रासायनिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ।
- विषादीको स्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ। जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. २, धनुषा, नेपाल
इमेल : malcprovince2@gmail.com


## संक्षिप्त समाचार

### चोरी भएको मुकुटसहित एकजना पक्राउ

सप्तरी। छिन्नमस्ता गाउँपालिका-१ स्थित छिन्नमस्ता मन्दिरबाट चोरी भएको ५ सय ८ ग्राम चाँदीको मुकुट सहित बिष्णुपुर गाउँपालिका-५ बस्ने २३ वर्षीय राजेश कुमार मण्डललाई सोमबार बिहान प्रहरीले पक्राउ गरेको छ। उक्त मन्दिरमा आइतबार राति चोरी भएको खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय सप्तरीबाट खटिएको प्रहरीले टोलीले उनलाई उक्त मुकुट सहित पक्राउ गरेको हो। यस सम्बन्धमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

### फरार प्रतिवादी पक्राउ

मोरङ। जिउ मास्ने बेच्ने मुद्दाका फरार प्रतिवादी विराटनगर महानगरपालिका-१७ बस्ने ५० वर्षीय सञ्जय यादवलाई बिहीबार प्रहरीले पक्राउ गरेको छ। जिल्ला अदालत मोरङको २०६६ असार १५ गतेको फैसलाले जिउ मास्ने बेच्ने मुद्दामा ११ वर्ष २ महिना १० दिन कैद, ५० हजार रुपैयाँ जरिवाना र अर्को जिउ मास्ने बेच्ने मुद्दामा ११ वर्ष २ महिना १० दिन कैद र १५ हजार रुपैयाँ जरिवाना ठहर भई फरार रहेका उनलाई जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरीले उनकै घरबाट पक्राउ गरेको हो। उनलाई आवश्यक कारवाहीको लागि जिल्ला अदालत मोरङमा बुझाइएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ।

### पिकअप दुर्घटनामा एकको मृत्यु, पाच घाइते

धनुषा। लक्ष्मिनिया गाउँपालिका-४ सपहीस्थित सडकमा प्रदेश २-०२-००१ झ ००३५ नम्बरको स्कारपियो पिकअप अनियन्त्रित भई शुक्रबार बिहान दुर्घटना हुँदा स्कारपियो चालक महोत्तरी सितापुर भंगहा नगरपालिका-९ बस्ने ४५ वर्षीय दिपक यादव मृत्यु भएको छ। दुर्घटनामा गम्भीर घाइते भएका उनको प्रादेशिक अस्पताल जनकपुरतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको हो। घाइते भएका मठियानी नगरपालिका-२ बस्ने ४५ वर्षीय त्रिलोक रायको जानकी हेल्थ केयरमा उपचार भइरहेको छ। दुर्घटनामा घाइते भएका अन ४ जना उपचार पश्चात डिस्चार्ज भएका छन्।

### ट्रयाक्टर कलबोर्डबाट खस्दा एकको मृत्यु

कपिलवस्तु। वाणगंगा नगरपालिका-३ कर्मनास्थित सडकमा लु.४ त ८०७९ नम्बरको ट्रयाक्टर कलबोर्डबाट खस्दा एक जनाको मृत्यु भएको छ। सोही नगरपालिका-११ बस्ने ३० वर्षीय राम प्रसाद थारूको मृत्यु भएको छ। दुर्घटनाका सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### विभिन्न किसिमका औषधि बरामद

कपिलवस्तु। कपिलवस्तु जिल्लाको यशोधरा गाउँपालिका ७ सिमरीस्थित सीमा ईलाकाबाट सशस्त्र प्रहरीले करीब २ लाख ५० हजार रुपैयाँ बराबरको विभिन्न किसिमका औषधि बरामद गरेको छ। भारतबाट अवैध रुपले ल्याउँदै गरेको उक्त औषधि सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोष्ट मर्यादापुरबाट खटिएको सशस्त्र प्रहरीले बरामद गरेको हो। बरामद औषधि भन्सार कार्यालय सुठौली कपिलबस्तुमा बुझाईएको छ।

### मोटरसाइकलको ठक्करबाट बालकको मृत्यु

सिरहा। धनगढीमाई नगरपालिका-११ छपराडी चौकस्थित सडकमा अन टेष्ट लेखिएको मोटरसाइकलको ठक्करबाट एक बालकको मृत्यु भएको छ। पैदलयात्री लक्ष्मीपुरपतारी गाउँपालिका-२ बस्ने गुगली मंण्डलको छोरा ७ वर्षीय रितिक मंण्डलको सोमबार बिहान मृत्यु भएको छ। ठक्करबाट गम्भीर घाइते भएका उनको उपचारको लागि श्रमजिवी अस्पताल धनगढीतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको हो। मोटरसाइकल चालकलाई प्रहरीले नियन्त्रणमा लिई यस सम्बन्धमा थप अनुसन्धान गरिरहेको छ।

### आफ्नै भाइलाई हत्या गर्ने पक्राउ

बाँके। आफ्नै भाइ ३८ वर्षीय गणेश सुनारको कुटपिट गरी हत्या गरेको अभियोगमा खजुरा गाउँपालिका-२ एल गाउँ बस्ने ४० वर्षीय गुमान सुनारलाई प्रहरीले पक्राउ गरेको छ। शनिबार साँझ मादक पदार्थ सेवन गरी उनीहरुबीच भएको सामान्य विवादमा गुमानले शुक्रबार राति कुटपिट गर्दा घाइते भई घरमै बसेको अवस्थामा गणेशको मृत्यु भएको थियो। ईलाका प्रहरी कार्यालय धनौली र प्रहरी चौकी राधापुरबाट खटिएको प्रहरीले कुटपिट गर्ने गुमानलाई पक्राउ गरेको छ।

### सुमोको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु

महोत्तरी। गणेशमान चारनाथ नगरपालिका-४ बस्ने २३ वर्षीय धिर बस्नेतको मोटरसाइकल दुर्घटनामा परी मंगलबार बिहान मृत्यु भएको छ। बर्दिबास नगरपालिका-४ बिश्वाकार्मा चोकमा उनी सवार बा.९२ प ३२०६ नम्बरको मोटरसाइकललाई बा.१८ च ३६८५ नम्बरको सुमोले ठक्कर दिँदा मोटरसाइकलमा पुनः प्रदेश १-०४-००१ च ०२७९ नम्बरको बलेरोमा ठक्कर खाई दुर्घटना भएको हो। दुर्घटनामा गम्भीर घाइते भएका उनको शुभ-स्वास्तिक अस्पताल बर्दिबासमा उपचारको क्रममा मृत्यु भएको हो। उक्त सुमो र बलेरो चालकलाई प्रहरीले नियन्त्रणमा लिनुका साथै दुर्घटनाका सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### विद्यालयबाट विभिन्न धनमाल चोरी

धनुषा। बटेश्वर गाउँपालिका-२ भुईचक्रपुरस्थित जनप्रिय माध्यमिक विद्यालयबाट करिब १८ लाख रुपैयाँ बराबरको धनमाल चोरी भएको छ। ३० थान कम्प्युटर, २ थान ल्यापटप, २ थान प्रोजेकटर, १ थान कलर प्रिन्टर लगायतका विभिन्न सामान गरी करिब १७ लाख ७० हजार रुपैयाँ बराबरको धनमाल सोमबार राति चोरी भएको छ। उक्त विद्यालयको कार्यालय कक्षको चेनगेटको ताला काटी विभिन्न सामान चोरी भएको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय महेन्द्रनगर र प्रहरी चौकी बटेश्वर धनुषाबाट खटिएको प्रहरीले चोरीमा संलग्न हाल फरार व्यक्तिहरुको खोजी गर्नुका साथै यस सम्बन्धमा थप अनुसन्धान गरिरहेको छ।

### लागूऔषधसहित दुई जना पक्राउ

पर्सा। वीरगंज महानगरपालिका-१६ शंकराचार्य गेटबाट नियन्त्रित लागूऔषध ३० पिस फेनारगन, ३० पिस डाइजेल्याव र ३० पिस नुफिन सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। बुधबार बिहान पक्राउ पर्नेहरुमा काठमाडौं महानगरपालिका-४ सितापाईला भिमढुङ्गा बस्ने ३२ वर्षीय बिमल श्रेष्ठ र मकवानपुर हेटौंडा उपमहानगरपालिका-११ थाना भर्यामङ सिमलटार बस्ने २१ वर्षीय डेनिएल तामाङ रहेका छन्।

### मृत अवस्थामा एक जना फेला

कपिलवस्तु। शिवराज नगरपालिका-१० शितलापुरस्थित खेतमा सोही ठाउँ बस्ने ३२ वर्षीय अमिन भन्ने शिव प्रकाश कुर्मी बिहीबार मृत अवस्थामा फेला परेका छन्। यस सम्बन्धमा थप अनुसन्धान गरिरहेको छ।

### रूपन्देहीमा युवक मृत फेला

रुपन्देही। सिद्धार्थनगर नगरपालिका-१३ शान्तीनगरस्थित डण्डा खोलामा भारत महाराजगंज ग्राम पैसिया बस्ने २३ वर्षीय टौफिक अहमद बुधबार मृत अवस्थामा फेला परेका छन्। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### बालिकालाई जबरजस्ती गर्ने पक्राउ

मोरङ। ९ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा सुन्दरहरैचा नगरपालिका-३ बस्ने २५ वर्षीय हिमाल श्रेष्ठलाई मंगलबार दिउँसो प्रहरीले पक्राउ गरेको छ। श्रेष्ठले ती बालिकालाई जबरस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी गछीयाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो।

### आगलागीबाट विभिन्न धनमाल जलेर नष्ट

रुपन्देही। बुटवल उपमहानगरपालिका-१० औधोगिक क्षेत्रभित्र रहेको युजन पेट्रोलियम उद्योग प्रालिमा कालो मोबिल रिफाइडिङ गर्ने ठाउँमा सोमबार दिउँसो आगलागी भएको छ। आगलागी भन्ने खबर प्राप्त हुनासाथ वडा प्रहरी कार्यालय बुटवलबाट खटिएको प्रहरीले स्थानीय र दमकलको सहयोगमा आगलागी पूर्णरुपमा नियन्त्रणमा लिएको छ। आगलागीबाट भएको क्षतिको बिबरण आँउन बाँकी रहेको छ।

# भूमि आयोगको विघटन गरीब विरोधी हर्कतको पराकाष्ठा : पूर्वमन्त्री साह



काठमाडौं। पूर्वमन्त्री प्रभु साहले भुमिसम्बन्धि समस्या समाधान आयोग विघटन गर्नु सरकारको गरीबविरोधी हर्कतको पराकाष्ठा भएको बताएका छन्। आज फेसबुकमार्फत आपत्ति जनाउदै पूर्वमन्त्री साहले भूमिहीन सुकुम्बासीहरुलाई जग्गा धनी लालपुर्जा दिने कार्य अन्तिम चरणमा पुगेको बेला सरकारले गैरजिम्मेवारीपूर्ण ढंगले आयोग विघटन गरेर जनविरोधी काम गरेको जनाएका छन्।

केही कथित कम्युनिष्टसहितको देउवा सरकारको हर्कतले वर्तमान शासन प्रणाली र विधिको शासनमाथि नै गम्भीर प्रश्न खडा भएको पूर्वमन्त्री साहको ठहर छ। उनले सत्ता स्वार्थका लागि बनेको अपवित्र गठबन्धनको सरकार गरिब, विपन्न तथा दलितहरुको आवास निर्माणसँग सम्बन्धित जनता आवास तथा सुरक्षित नागरिक आवास कार्यक्रमप्रति समेत उदासीन रहेको आरोप लगाएका छन्।

'भूमिहीन सुकुम्बासीहरुलाई जग्गा धनी लालपुर्जा दिने कार्य अन्तिम चरणमा पुगेको बेला कथित केहि कम्युनिष्ट सहीतको वर्तमान देउवा नेतृत्वको सरकारले गैरजिम्मेवारी पूर्ण ढंगले भूमि सम्बन्धी समस्या समाधान आयोग विघटन गरी विपन्न तथा दलित विरोधी हर्कतको पराकाष्ठा नै पार गरेको देखिन्छ' पूर्वमन्त्री साहले भने, 'सत्ता स्वार्थका लागी बनेको यो अपवित्र गठबन्धनको सरकारले गरीब विपन्न तथा दलितहरुको अवास निर्माणसंग सम्बन्धित जनता अवास र सुरक्षीत आवास कार्यक्रमप्रति समेत उदासीनता राख्दै आएकोमा सत्ता गठबन्धनबाट सुरुवातमैं नेपालको संविधानको मर्म र भावना विपरीत लाखौं लाख भूमिहिन सुकुम्बासी जनतालाई आतंकीत (त्रसित) बनाउन जुन रुपमा भूमि आयोग विघटनको निर्णय भएको छ, यो निश्चय नै दुखद, दुर्भाग्यपूर्ण एवं खेदजनक विषय हो।'

'असंवैधानिक ढंगले सर्वोच्चको परमादेशबाट गठित यो सरकारले संवैधानिक अंग तथा राज्यका विभिन्न निकायहरुमा क्रियाशील जिम्मेवार पदाधिकारीहरुलाई गैरकानूनी एवं प्रतिशोधपूर्ण ढंगले स्थापित मुल्य एवं मान्यता विपरित गर्न लागेको नियुक्ति र बर्खास्ती सम्बन्धि कार्यले आज समग्र शासन प्रणाली एवं विधिको शासनमाथी नै गम्भीर प्रश्न खडा गरेको छ!' पूर्वमन्त्री साहले थपे।

सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान गरी लालपुर्जा वितरणको तयारी गरिरहेको आयोगलाई सरकारले मंगलबार खारेज गरेको हो।

# नवलपरासीमा जनतान्त्रिक युवा संघमा पन्त

काठमाडौं। जनतान्त्रिक तराई मुक्ति मोर्चाको युवा संगठन जनतान्त्रिक युवा संघ नवलपरासीको अध्यक्षमा राजकुमार पन्त मनोनित भएका छन्।

विगत लामो समयदेखि राष्ट्रिय नागरिक आन्दोलन एवं राष्ट्र बचाउ अभियानमा विभिन्न रुपले सक्रिय रहि जारी राष्ट्रवादी आन्दोलनलाई सक्रिय रुपमा साथ, सहयोग पुर्याउँदै निर्णाक भूमिका खेलिरहनु भएका जिल्ला नवलपरासी गा.वि.स. मकर-४ हाल वर्दघाट न.पा.-४ बस्ने श्री भुमिनन्द पन्तका सुपुत्र युवा समाजसेवी एवं क्रान्तिकारी तथा राष्ट्रवादी बिचारधाराका देशभक्त ब्याक्तित्व हुन्।

वैदेशिक शक्तिकेन्द्रहरुको सैन्य एवं सामरिक प्रयोगशाला बनाउने अमेरिकी साम्राज्यवादी, विस्तारवादी एवं प्रभुसत्तावादी दुरगामी षडयन्त्र तहत नेपालमा लागु गर्न लागिएको एमसीसी सम्झौता, गणतन्त्र, धर्म-निरपेक्षता र विकेन्द्रीकृत भ्रष्टाचारको विरुद्ध राष्ट्रब्यापी बिरोध प्रदर्शन गर्न मातहतका सम्पूर्ण शुभेच्छुक, समर्थक, वर्गीय, पेशागत एवं मुल कमिटीहरुलाई आफ्नो जिल्लाको बिरोधका कार्यक्रमहरुको तालिका बनाई केन्द्रमा अविलम्ब सिफारिस गर्न निर्देशन दिएको छ।

यसैगरी, सिरहा जिल्लाको लहान स्थित मोर्चाका केन्द्रिय सदस्य बुलन यादवको अध्यक्षता एवं कृष्णदेव साह, श्रीमती बिणा मण्डल, दयाशंकर राउत (सानू जी), चन्द्रशेखर साह (डब्लु जी) लगायतका मोर्चाका अगुवा नेताहरुको बैठक बाट पारित भई अनुमोदनका लागि केन्द्रिय सचिवालयमा पठाईएको आन्दोलन सम्बन्धि विविध कार्यक्रमहरुलाई अनुमोदन गरिएको एवं आउँदो शनिबार साउन २३ गते सिरहाको लहानमा एवं सिरहा जिल्लाका स्थानीय तहहरुमा विभिन्न मितिमा हुने जन-प्रदर्शन एवं आन्दोलनका कार्यक्रमहरु तय गरेको छ।

# वीरगन्जमा निटको टायल्सको फ्रेनचाईजिजमा आकर्शक शो रुम खुल्यो

वीरगन्ज। वीरगन्जमा निटको टायल्सको फ्रेनचाईजिजमा आकर्शक शो रुम खुलेको छ। कम्पनीका टायल्स र मार्बलको शो रुमको रिवन काटी उद्घघाटन प्रदेश २ का उर्जा तथा खाने पानी मन्त्रि ओमप्रकाश शर्माले गरेका हुन्। वीरगञ्ज महानगरपालिका वडा नम्बर १० आदर्शनगरस्थित पानीट्यांकीको मुल गेट अगाडी पर्सा मार्वल एण्ड टाइल्स प्रा.ली. ले निट्को कम्पनीका टायल्स र मार्बलको शो रुम सञ्चालनमा ल्याएको छ।

उद्घघाटन गर्दै मन्त्रीले मन्तव्य राख्दै भने कोरोना कालमा उधोगीहरुका अवस्था नाजुक रहको जस्तै बैंकका ब्याज र कर्मचारीहरुका तलबले गर्दा ब्यवस्यामा भएको क्षतिले उधगीले आफनो कर्म छोडनु नभएको कारण हिम्मतका साथ व्यवसायी प्रति अग्रसर भएका पर्सा मार्वल एण्ड टाइल्स प्रा.ली. लाई स्वागत योग्य रहेको बताए। नेता तथा व्यावसायी मोहम्मद सहाबुदिनले वीरगञ्जमा र्निमाण भैइ रहेका घर तथा होटलमा चाहीने राम्रो टायल्स र मार्बलका लागी भारत, काठमान्डौं अन्य स्थानमा जानु नपर्ने जानकारी दिए।

पछिल्लो समय टायल्स र मार्बलका लागी दिल्ली अथवा देशकै राजधानी काठमान्डौ जानु पर्ने भएको बताए। उनले भने बजारमा विभिन्न थरीका टायल्स र मार्बल कम्पनिका शोरुम भएता पनि निट्को कम्पनीको भारत तथा विश्वमा आफनो छुटै पहिचान रहेको छ।

पर्सा मार्वल एण्ड टाइल्स प्रा.ली.का प्रतिनिधि शौरभ चौरसियाले भने प्रदेश नं २ मै नभएको भारतको टप फाईभ भित्र पर्ने निट्को टाइलको फ्रेन्चाईज शो रुमको रुपमा सञ्चालनमा आएको छ। उनका अनुसार घर निर्माण हुने सम्पूर्ण समाग्री जस्तै मार्वल, ग्रेनाइट, टाइल्स, सेनेटरी आइटम, छड, सिमेन्ट लगायतका सामाग्रीको बिक्री वितरण हुनेछ।

निट्को कम्पनीका लागि नेपालका सिनियर रिजनल म्यानेजर उत्तम रिमालका अनुसार निटको टायल्स एण्ड मार्बलस वीरगंज बजारमा नया फडको मार्ने बताएका हुन्।

विश्वमा टायल्स एण्ड मार्बलसको बजारमा निट्को कम्पनी विश्व स्तरिय रहेको र इन्टेरियर डिजाइनर तथा आरकिटेक्टसहरुको पहिलो रोजाई रहेको बताए। उद्घघाटन कार्यक्रममा वीरगंज महानगरपालिका उप मेयर शान्ति कार्की ,राजनितीकमी राम नारायण प्रसाद कुर्मी,ध्रुव नेपाल, निट्को कम्पनिका प्रतिनिधि द्धय कम्पनिका लागि नेपालका सिनियर रिजनल म्यानेजर उत्तम रिमाल,इन्जिनियर नवल चन्द्रा -रिजनल मार्केटिङ्ग इन्चार्ज), बिमल ज्ञवाली एरिया म्यानेजर, समजसेवी तथा स्थानीय लगायतको उपस्थिती रहेको थियो।

# रौतहटको बृन्दावन सव डिभिजन वनबाट धमाधम काठ बरामद

**रुपेन्द्र पटेल,** रौतहट। पछिल्लो समय रौतहटको बृन्दावन सव डिभिजन वन कार्यालयको मातहतको वनमा वन कर्मचारीले कडाई गरेको छ। सो वन कार्यालयको मातहतमा भईरहेको तस्करीमा वन कर्मचारीले निगरानी बढाएको हो। आईतबार बृन्दावन सव डिभिजन वन कार्यालयको मातहतको वनबाट वन कर्मचारी महाबिर प्रसाद चौधरीको कमाण्डमा खटेका वन गस्ती टोलिले तस्करीमा सक्रिय एक जना महिलालाई पक्राउ गरेको छ। जिल्लाको बृन्दावन नगरपालिका वडा नं-१ रमौली बैरियाकी दुलारी सहनीलाई पक्राउ गरेको डिभिजन वन कार्यालय रौतहटले जनाएको छ। सहनिले दैनिक जसो सो वन कार्यालयको मातहतमा तस्करी गर्दै आएको थियो। सोही क्रममा आईतबार उनि सखुवा जातको करिव ८ क्युफिट काठ साईकलमा लोड गरेर ल्याउदै गरेको अवस्थामा पक्राउ गरेको डिभिजन वन कार्यालय रौतहटले जनाएको छ। पक्राउ परेकी सहनिलाई कार्वाहीको लागि डिभिजन वन कार्यालय चन्द्रनिगाहपुरमा ल्याएको बताएका छ्न। यस्तै सोमबार साझ पनि सो वन कार्यालयको मातहतको वन बाट बेवारिसे अवस्थामा करिब ३ क्युफिट सखुवाको काठ बरामद भएको छ। सोमबार साझ करिब ७ बजेको समयमा विशेष सूचनाको अधारमा बलरीको झुलुङ्गे पुल नजिक चादी खोलाको किनार तस्करले जंगलबाट ल्याएर लुकाई छुपाई राखेको अवस्थामा सो काठ बरामद भएएको बृन्दावन सव डिभिजन वनका जम्दार महाबिर चौधरीले बताएका छ्न। बरामद भएको काठ बृन्दावन सब डिभिजन वन कार्यालयमा राखिएको छ।

# रोपाइँ गर्न भारतले छाड्यो गण्डक नहरमा पानी

वीरगञ्ज। पर्सा, बारा र रौतहटसम्म फैलिएको गण्डक नहरमा भारतले पानी छाडेको छ। भारतले गण्डक नहरमा ५ सय क्युसेक पानी छोडेको हो। पर्सा, बारा र रौतहटका किसानका लागि धान रोपाइँ गर्न गण्डक नहरमा भारतले पानी छाडेको हो। नेपाल-भारतबीच भएको सम्झौताअनुसार भारतले गण्डक नहरमा वर्षमा दुई पटक पानी छाड्नुपर्ने हो।

गण्डक नहरमा भारतले ५ सय क्युसेक पानी छाडेको नारायणी सिँचाइ व्यवस्थापन कार्यालय वीरगञ्जका इन्जिनियर एवं सूचना अधिकारी सुबोध कुशवाहाले जानकारी दिए। अहिले नहरमा आएको पानी धान खेती गरेका किसानका लागि सिँचाइमा फाइदा पुगेको छ। उनले भने, 'यो पानीले धान खेती गरेका किसानले बालीमा फेरि पानी हाल्ने बेला काम लाग्छ।'

भारतको रामनगरमा गण्डक नहरमा भएको क्षति र त्यसको मर्मत गर्न समय लागेकाले गण्डक नहरमा समयमै भारतले पानी नछाडेको कुशवाहाले जानकारी दिए। गण्डक नहरमा पानी आए पनि पर्सा, बारा र रौतहटमा धान रोपाइँ लगभग सकिएको जिल्ला कृषि ज्ञान केन्द्र पर्साका निमित्त प्रमुख मुन्नीलाल कुशवाहाले जानकारी दिए। उनले जिल्लामा ९९ प्रतिशत धान रोपाइँ भइसकेको बताए।

यसैगरी, बारा र रौतहटमा ९० प्रतिशत धान रोपाइँ सम्पन्न भएको कृषि तथा पशुपक्षी विकास मन्त्रालयको कृषि विभागले जानकारी दिएको छ। अहिले आएको पानीले तीन जिल्लाका ३७ हजार ४ सय हेक्टर क्षेत्रफलमा सिँचाइ गर्ने लक्ष्य राखिएको छ।

भारतको भैंसालोटन, रामनगर हुँदै नेपाल प्रवेश गरेको गण्डक नहरको संरचना पर्सा, बारा र रौतहटसम्म १५ ब्लकमा विभाजित ८१ किमिसम्म रहेको छ। पर्साको जानकी टोला भएर भारतबाट गडक नहरमा पानी प्रवेश गर्छ।

# पाइपलाइनमा अड्केको पिग निकालियो

पर्सा। दक्षिण एशियाकै पहिलो अन्तरदेशीय पेट्रोलियम पदार्थ ल्याउने पाइपलाइनमा अड्केको पाइपलाइन इन्फेक्सन गेज (पिग) निकालिएको छ। भारतबाट जमिन मुनिबाटै नेपालमा पेट्रोलियम पदार्थ डिजेल ल्याउने पाइपमा अड्केको पिग निकालिएको हो। नेपाल-भारत ऐतिहासिक पेट्रोलियम पाइपलाइन मोतिहारी-अम्लेखगञ्जको ६९ किलोमिटर लामो दूरीको नेपाल तर्फको परवानीपुर बजार उत्तरतर्फ एनआरवी भल्भमा पिग अड्केको थियो। हरेक ६ महिनामा पाइप सफाइ हुन्छ।

सोही क्रममा यो पटक भने पिग अड्केको नेपाल आयल निगम २ नम्बर प्रादेशिक कार्यालय अमलेखगञ्जका सहायक प्रवन्धक तथा कन्ट्रोल रुमको अप्रेसन शाखाका चिन्तन कोइरालाले बताए। बन्द हड्ताल तथा अन्य कारणले कुनै अवरोध नहुने लक्ष्यसहित जमिन मुनिबाट डिजेल ल्याउँदै गरेको पाइपमा अड्किएको पिग ननिकाली तेल ल्याउन र पुनः सफाइ गर्न समेत अवरोध हुने भएपछि यो हटाउनै पर्ने बाध्यता निगमलाई आइपरेको थियो।

पाइपभित्र नै अड्केको पिग निकाल्दा दैनिक तेल आउने क्रमलाई भने रोक्नु परेको थिएन। नेपाल भारत दुवै देशका सरकार बीच आपसी सम्झौता भई २०७४ पुस २५ गतेदेखि माटोको भू--वनोट परीक्षण गरी २०७५ बैशाख ६ गतेबाट नेपालतर्फ पाइप गाड्न थालिएको थियो।

नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो।

यसबाट बच्ने उपायहरू :

○ कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु।
○ अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने।
○ खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने।
○ कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने।
○ जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने।
○ सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने।
○ ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने।
○ कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने।

लालकिशोर साह
नगरप्रमुख
जनकपुरधाम उपमहानगरपालिका, धनुषा, प्रदेश २

नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो।

यसबाट बच्ने उपायहरू :

○ कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु।
○ अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने।
○ खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने।
○ कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने।
○ जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने।
○ सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने।
○ ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने।
○ कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने।

हरिप्रसाद मण्डल
नगरप्रमुख
मटिहानी नगरपालिका, महोत्तरी, प्रदेश २

## विश्व परिवेश

# भारतमा हालसम्म ४८ करोड ९३ लाख भन्दा बढीलाईरु खोप प्रदान

भारतमा हालसम्म ४८ करोड ९३ लाख भन्दा बढीलाईरु खोप प्रदान गरिएको छ। बिहिबार बिहान ७ बजेसम्म को अस्थायी प्रतिवेदन अनुसार ५७ लाख २१ हजार ९ सय ३७ सत्र मार्फत ४८ करोड ९३ लाख ४२ हजार २ सय ९५ खोप खुराक प्रदान गरिएको छ। स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालय का अनुसार गत २४ घण्टामा ३७ लाख ५५ हजार १ सय १५ खोप खुराक प्रदान गरिएको छ।




देशव्यापी खोप अभियान को नँया चरण को सुरुवात जून महिनाको २१ तारिख देखि भएको थियो।

स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालय का अनुसार "केन्द सरकार सम्पुर्ण वयस्क जनताका लागि द्रुत गतिमा खोप प्रदान गर्न यथेष्ट प्रयास गरिरहेको छ।"

हालसम्म ३ करोड ९ लाख ७४ हजार ७ सय ४८ जना निको भइसकेका छन्। गत २४ घण्टामा ४१ हजार ७ सय २६ जना संक्रमित विरामी निको भएका छन्। यसका साथै देशको संक्रमण मुक्त दर हाल ९७.३७ प्रतिशत पुगेको छ।

गत २४ घण्टामा ४२ हजार ९ सय ८२ जना नँया संक्रमित विरामी थपिएका छन्। लगातार ३९ दिन ५० हजार भन्दा कम नयाँ संक्रमित विरामी थपिएका हुन्। स्वास्थ्य मन्त्रालयका का अनुसार यो सबै केन्द्र सरकार राज्य र केन्द्र शासित प्रदेश को संयुक्त प्रयासको नतिजा हो।

देशको सक्रिय संक्रमित संख्या हाल ४ लाख ११ हजार ७६ पुगेको छ। हाल सो संख्या देशको कुल सकारात्मक संख्या को १.२९ प्रतिशत पुगेको छ।

हालसम्म देशमा ४७ करोड ४८ लाख ९३ हजार ३ सय ६३ वटा नमुना परीक्षण भइसकेको छ। गत २४ घण्टामा १६ लाख ६४ हजार ३० वटा नमुना परीक्षण गरिएको छ।

यसका साथै देशको साप्ताहिक सकारात्मकता दर मा पनि कमी आउँदै गएको छ। हाल साप्ताहिक सकारात्मकता दर २.३७ प्रतिशत पुगेको छ र दैनिक सकारात्मक दर २.५८ प्रतिशत पुगेको छ। लगातार ५९ दिन सो दर ५ प्रतिशत भन्दा कम मा कायम रहँदै आएको छ ।

*-इण्डिया न्यूज नेटवर्क*

# भारत मजबुत, एकीकृत र समृद्ध आसियानको समर्थन गर्दछः जयशंकर

भारतीय विदेशमन्त्री एस जयशंकरले बुधबार भारत मजबुत, एकीकृत र समृद्ध आसियान को समर्थन गर्ने बताएका छन्। विशेषत: भारत आसियानले हिन्द-प्रशान्त क्षेत्रलाई केन्द्रबिन्दु बनाएको हेर्न चाहेको पनि उनले बताएका छन्।

"भारत-प्रशान्त (एओआईपी) र भारत-प्रस्तावित हिन्द-प्रशान्त महासागरको पहल (आईपिओआई) मा आसियान दृष्टिकोणले मजबुत नीति अपनाएमा हाम्रो समकालीन साझेदारी मा अर्को आयाम थप्नेछ। " विदेश मन्त्री ले आसियान भारत विदेश मन्त्रीहरु को बैठकमा भन्नुभयो।




आसियान सँग भारतको सम्बन्ध इतिहासले जोडेको र घनिष्ठता ले झन् मजबुत बनाएको बताउँदै उनले भने, "मिलेर हामी भारत र आसियान को सम्बन्ध अझ मजबुत बनाउन सक्छौं। यसको लागि हामी ले जुन पहल सुरु गरेका थियौं, त्यो पूरा हुनु जरुरी छ।"

"कोविड १९ को महासंकट को बेला हामीले एक अर्कालाई सहयोग दियौं जसले भारत र आसियान लाई झन् नजिक ल्याएको छ।"

"विश्वभर आसियान सफल क्षेत्रीयता, बहुपक्षीयता र वैश्वीकरण को एक राम्रो उदाहरण को रूप मा आयोजित गरिन्छ।"

"यस वर्ष ब्रुनेई को सक्षम अध्यक्षता मा "हेरचाह, तैयारी र समृद्ध" विषय बनाइएको छ। म विश्वस्त छु कि यो विषय हाम्रो साझेदारी मा समान रूप मा लागू हुनेछ।" जयशंकरले भन्नुभयो।

सन् २०२२ को वर्ष आसियान-भारत सम्बन्धको ३० औं वार्षिकोत्सव हुनेछ। "हामी यो महत्वपूर्ण अवसरलाई आसियान-भारत मैत्री बर्षको रूपमा मनाउन सहमत भएका छौं।"

# चीनविरुद्ध जापान र फ्रान्स गठबन्धन बनाउँदै

टोकियो । फ्रान्सका राष्ट्रपति इम्यानुअल म्याक्रोनले चीनविरुद्ध जापानसँग सुरक्षा गठबन्धनलाई बलियो बनाउने बताएका छन् ।

फ्रान्सका राष्ट्रपति म्याक्रोनले जापानी प्रधानमन्त्री यशोहिडे सुगासँग भेटका क्रममा यस्तो प्रतिबद्धता जनाएका हुन् ।

दुबैजनाको भेटपछि जारी एक संयुक्त विज्ञप्तिमा चीनविरुद्ध मिलेर काम गर्न तयार रहेको जनाइएको छ । स्वतन्त्र प्यासिफिकको लागि रक्षा र सुरक्षा क्षेत्रमा मिलेर काम गर्न फ्रान्स र जापान तयार भएका हुन् ।

दुबै नेताले बेइजिङमा भइरहेको मानवअधिकारको गम्भीर उल्लंघनको विरोध गरेका छन् । उनीहरुले हङकङमा जारी गरिएको राष्ट्रिय सुरक्षा कानुनपछिको अवस्थाले त्यहाँका स्वायत्तता समाप्त पारेको समेत बताएका छन् ।

फ्रान्सको विदेश मन्त्रालयले जारी गरेको एक विज्ञप्तिका अनुसार राष्ट्रपति म्याक्रोनले उक्त भेटका क्रममा मुलुकको इण्डो प्यासिफिक रणनीति र फ्रान्सको 'पोजिसन' स्पष्ट पारेका छन् । फ्रान्सका राष्ट्रपतिले दक्षिण प्यासिफिक राष्ट्रहरुलाई बेइजिङको व्यवहारविरुद्ध एक हुन सहयोग गर्ने प्रतिबद्धतासमेत व्यक्त गरेका छन् ।

# पाकिस्तानमा आर्थिक संकट, प्रधानमन्त्रीको आवास नै भाडामा

काठमाडौं । पाकिस्तानका प्रधानमन्त्री इमरानको सरकारी आवास अब भाडामा उपलब्ध हुनेछ ।

आर्थिक सङ्कटबाट गुज्रिरहेको पाकिस्तानले इस्लामाबादस्थित प्रधानमन्त्री इमरान खानको सरकारी निवास सर्वसाधारणलाई भाडामा दिने तयारी गरेको हो । यसलाई सांस्कृति, फेसन र शिक्षाको कार्यक्रमका साथै अन्य इभेन्टका लागि मानिसहरुले भाडामा लिन सक्नेछन् ।

सन् २०१९ को अगस्तमा सत्तारुढ तहरीक-पाकिस्तान तहरीक-ए-इन्साफ (पीटीई) को सरकार बन्दा प्रधानमन्त्री इमरान खानले सरकारी आवासलाई विश्वविद्यालय बनाउने घोषणा गरेका थिए । त्यसपछि इमरानले उक्त घर खाली गरेका थिए । समा टिभीका अनुसार अब विश्वविद्यालयको परियोजना छाडेर प्रधानमन्त्रीको आवासलाई भाडामा दिने निर्णय गरिएको छ ।

प्रधानमन्त्री आवासका अडिटोरियम, दुई गेस्ट विङ्ग र एउटा चौरलाई भाडामा दिने तयारी गरिएको बताइएको छ । यसमा कूटनीतिक कार्यक्रम, अन्तर्राष्ट्रिय सेमिनार पनि आयोजना गर्न पाइनेछ । यसबाट सरकारले कमाइ गर्ने सोच रोको छ ।

इमरान सत्तामा आएपछि ३ वर्षमा पाकिस्तानको अर्थतन्त्र १९ बिलियन अमेरिकी डलरसम्म खुम्चिएको छ । इमरान प्रधानमन्त्री बनेपछि उनले देशको अर्थव्यवस्थालाई सही ठाउँमा ल्याउन सरकारी खर्चमा व्यापक कटौती गरेका छन् । यसका बावजुद देशको ऋण ४५ हजार अर्ब रुपैयाँ पुगिसकेको छ ।




## चिनियाँ नागरिक पक्राउ

काठमाडौं । अवैध रुपमा मदिरा उत्पादन गरी विक्री गरेको अभियोगमा काठमाडौं महानगरपालिका-२६ ठमेल बस्ने चिनियाँ नागरिक ५६ वर्षीय सि झिवेईलाई शुक्रबार प्रहरीले पक्राउ गरेको छ ।

चिनियाँ नागरिकले अवैध रुपमा मदिरा उत्पादन गरी विक्री गरिरहेको भन्ने सूचनाको आधारमा महानगरीय अपराध महाशाखा काठमाडौंबाट खटिएको प्रहरीले उनलाई ठमेलमा होम स्विट स्मेल होटल एण्ड रेष्टुरेन्ट प्रालि दर्ता गरी अवैध मदिरा उत्पादन गरी विक्री वितरणको लागि तयार पारेको अवस्थामा फेला पारी पक्राउ गरेको हो ।

उक्त होटलबाट ४ वटा स्टिलको मेसिन, मदिरा जम्मा गर्ने ट्याङ्की, मदिरा तौल गर्ने मेसिन, मदिरा उत्पादनमा प्रयोग हुने ८० लिटरका १ सय १३ थान ड्रममा रहेका कच्चा पदार्थ र विक्रीको लागि तयार पारिएको मदिरा समेत प्रहरीले बरामद गरेको छ । उनलाई आवश्यक कारबाहीको लागि आन्तरिक राजस्व कार्यालय महाराजगंज पठाइने उक्त महाशाखाले जनाएको छ ।

## जिल्ला समाचार

### जनमत पार्टीमा प्रवेशको लहर

रौतहट । मौलापुर नगरपालिकाको पथरा बुधराम स्थित श्री माध्यमिक विद्यालयको प्रांगणमा जनमत पार्टीमा सयौंको संख्यामा नेता कार्यकर्ताहरु प्रवेश गरेका छन् । जनमतका केन्द्रीय सदस्य एवं केन्द्रीय प्रकाशन विभाग प्रमुख ललित मल्लिक शानू को प्रमुख आतिथ्यमा एवं जनमत पार्टी रौतहटको जिल्ला सचिव बिकास कुमार यादवको विशेष आतिथ्यमा र युवा जनमत संघ रौतहटको संयोजक ज्वाला रणवीर उर्फ बिबेक को आतिथ्यमा सम्पन्न बृहत पार्टी प्रवेश कार्यक्रममा जनमत पार्टीमा प्रवेशको लहर देखिएको छ । कमुनिस्टको क्युबा भनेर चिनिने मौलपुरमा धरमेन्द्र यादवको अगुवाइमा बजरंगी जयसवाल, सरोज यादव, मोहिचन पंडित, महेन्द्र राय यादव, राम नरेश यादव, सुकनन्दन राम, सुबोध यादव, शिवपुजन ठाकुर, मुकेश यादव, इमामोदिन अंसारी, पचु राय यादव लगायत सयकडौं को संख्यामा नगर स्तरका प्रभावशाली व्यक्तिहरू जनमत पार्टीको सदस्यता लिई पार्टीमा प्रवेश गरेका छन् । कार्यक्रममा ललित मल्लिक शानूले नव प्रवेशीहरुलई सदस्यता प्रदान गरि फुलमाला लगाई पार्टीमा स्वागत गरेका थिए । कार्यक्रमको सम्बोधन गर्दै प्रमुख अतिथि मल्लिकले दशकौंदेखि निरन्तर एउटै व्यक्ति सांसद छन पटक पटक मन्त्री भएका छन् तर क्षेत्रमा एउटा राम्रो कलेज छैन एउटा राम्रो अस्पताल छैन विकास भनेको सालिक निर्माण मन्दिर मस्जिद निर्माण होईन विकास भनेको जनताले प्रत्यक्ष सरोकार राख्ने जिवन सदुपयोगी हनु पर्दछ सरकारी बिल फर्छ्यौट मुखि होइन जनताको आय वृद्धि र रोजगारमुखि हुनुपर्छ भनेका छन् । जनमत पार्टी अधिकार, रोजगार इमान्दार र जनसरोकार मुखी पार्टी भएकोले जनमत पार्टी को विकल्प नरहेको बताएका थिए । कार्यक्रममा विशेष अतिथि विकास यादवले पार्टीको नीति तथा सिद्धान्तबारे प्रष्ट पार्नुभएको थियो त्यसै युवा जनमत संघ रौतहटको संयोजक ज्वाला रणवीरले युवाहरु लाई पार्टीमा सक्रियता पुर्बक लाग्न आवाहन गरेका थिए ।

### मोटरसाइकल दुर्घटनामा १ जनाको मृत्यु

सुनसरी । धरान उपमहानगरपालिका-८ तिनकुने जंगलस्थित कोशी राजमार्गमा भएको सवारी दुर्घटनामा परी प्रदेश -१ -०२-०४०प६४०५ नम्बरको मोटरसाइकलमा सवार ईटहरी उपमहानगरपालिका-१७ पकली बस्ने ४० वर्षीया मिरा देवी साहको बुधबार बिहान मृत्यु भएको छ । धरानबाट ईटहरीतर्फ जाँदै गरेको को.१ त ९१४३ नम्बरको ट्याक्टरलाई को.१ ख ५४३० नम्बरको बसले ठक्कर दिएको र बिपरित दिशाबाट आउँदै गरेको उक्त मोटरसाइकल बसमा ठोक्किएर दुर्घटना भएको थियो । दुर्घटनामा गम्भीर घाइते भएकी उनको धरान घोपा अस्पतालमा उपचारको क्रममा मृत्यु भएको छ । साथै दुर्घटनामा घाइते भएका मोटरसाइकल चालक उनकै छोरा २५ वर्षीय बिमल साहको सोही अस्पतालमा उपचार भइरहेको छ । बस चालकलाई नियन्त्रणमा लिई दुर्घटनाका सम्बन्धमा प्रहरीले आवश्यल अनुसन्धान गरिरहेको छ । ना.४१ प ६८४४ नम्बरको स्कुटरलाई लागूऔषध नियन्त्रण व्यूरो शाखा कार्यालय पर्साबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा उक्त लागूऔषध सहित फेला पारी स्कुटर चालक श्रेष्ठ र स्कुटरमा सवार तामाङलाई पक्राउ गरेको हो ।

### बालिका हत्या रहस्यमय

जनकपुरधाम । धनुषामा एक ६ वर्षीया बालिकाको रहस्यमयी हत्या भएको छ । धनुषाको गणेशमान चारनाथ नगरपालिका वडा नम्बर १० बरमझिया बस्ने वीरेन्द्र कुमार यादवकी ६ वर्षीया छोरी प्रीति कुमारी यादवको रहस्यमयी हत्या भएको हो । साउन ११ गते सोमबारदेखि हराई रहेकी प्रीतिको शव चार दिन पछि घर नजिकै रहेको इनारको पानीमा तैरिरहेको अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालय धनुषाले जानकारी दिएको छ । बालिकाकी आमाले छोरी प्रीतिलाई दैलोमा बिस्कुट दिएर आँगनमा गएको र आँगनबाट फेरी आउँदा प्रीतिलाई नदेखेपछि खोजविन सुरु गरिएको थियो । खोजीकै क्रममा बेपत्ता भएकी प्रीतिको शव ४ दिन पश्चात् हत्या गरी इनारमा फालिएको अवस्थामा फेला परेको हो । शव र घटनास्थलको प्रकृति हेर्दा बालिकाको हत्या गरी इनारमा फालिएको जस्तो देखिन्छ । यता बालिकाको शव पोस्टमार्टमका प्रादेशिक अस्पताल जनकपुरधाम पठाइएको छ भने घटनाको अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय सबैलाका प्रहरी निरीक्षक राजेश सिग्देलले बताए । पोस्टमार्टम रिपोर्ट आएपछि घटनाको वास्तविकता तथा रहस्य बाहिर आउने जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी उपरीक्षक प्रकाश रानाभाटले जानकारी दिए ।

### बागमती पुल तयार

सर्लाही । सर्लाहीको पश्चिम मध्यक्षेत्रमा पर्ने बरहथवा नगरपालिका र रौतहटको गढीमाई नगरपालिका जोड्ने बागमती नदीमा पक्की पुल बनेको छ । संघीय सरकारको २९ करोड रुपैयाँ लागतमा साढे ७०० मिटर लामो पक्की पुल बनेर तयार भएको छ । पुल बनेपछि दुवै जिल्लाका वासिन्दालाई खोला वारपार गर्न सहज भएको छ । बरहथवा-१५ पिप्राभित्ता र गढीमाई-१ समनपुर जोड्ने गरी निर्माण गरिएको पक्की पुलबाट नदीको आसपासमा खेती गर्न वारपार गर्नुपर्ने किसानसँगै साइकल, मोटरसाइकल र सर्वसाधारण ओहोरदोहोर गरिरहेका छन् । ठूलो क्षेत्रफलमा फिँजिएर नदी बगेको स्थानमा पक्की पुल बनेपछि दुवै जिल्लाका किसानलाई खोला वारपार गरी खेतबारीमा काम गर्न जान सहज भएको हो । दुई वर्षअघिनै निर्माण सम्पन्न हुनुपर्नेमा २०७६ सालमा आएको बाढीले पुलको ४० मिटर भाग बगाएको र कोभिडलगायत कारणले निर्माण सम्पन्न हुन ढिलो भएको उनको भनाइ छ ।

### एम्बुलेन्सको ठक्करबाट एकको मृत्यु

बाँके । कोहलपुर नगरपालिका-८ बाबानगरस्थित सडकमा भे.१ च ५८६ नम्बरको एम्बुलेन्सको ठक्करबाट पैदलयात्री करिब ४२ वर्षीय पुरुषको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको मेडिकल कलेज कोहलपुरमा उपचारको क्रममा मृत्यु भएको हो । एम्बुलेन्स चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### सालको गोलिया काठ बरामद

कपिलवस्तु । जिल्लाको कृष्णनगर नगरपालिका १२ भदुई जंगलबाट सशस्त्र प्रहरीले करीव १ लाख ८ हजार रुपैयाँ बराबरको ३१ क्यूफिट सिसौको काठ बरामद गरेको छ । लुकाई छिपाई राखेको उक्त काठ सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोष्ट कृष्णनगरबाट खटिएको सशस्त्र प्रहरीले बरामद गरेको हो । बरामद काठ सव-डिभिजन वन कार्यालय ठाकुपुरामा बुझाईएको छ ।

### नक्कली परीक्षार्थीसहित ६ जना पक्राउ

मोरङ । १ नम्बर प्रदेश प्रहरी तालिम केन्द्र रानी विराटनगरमा संचालित प्रहरी जवान पदको परीक्षामा सहभागी नक्कली परिक्षार्थी सहित ६ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा भोजपुर पौवादुङ्मा गाउँपालिका-६ बस्ने २३ वर्षीय सूर्य राई, १९ वर्षीय सागर राई, २२ वर्षीय संगम राई, धनकुटा साँगुरीगढी गाउँपालिका-८ बस्ने १९ वर्षीय सरोज राई, २७ वर्षीय राज कुमार राई र धनकुटा शहिदभूमि गाउँपालिका-३ बस्ने २१ वर्षीय खपाङ राई रहेका छन् । प्रारम्भिक अनुसन्धानको क्रममा सूर्य राईले प्रहरी जवान पदमा नयाँ भर्ना गराई दिन्छु भनि संगम राईबाट नगद १ लाख १८ हजार रपैयाँ, सागर राईबाट नगद १ लाख १८ हजार रुपैयाँ र सरोज राईबाट नगद २ लाख रुपैयाँ लिएको खुल्न आएकोले उक्त कार्यमा संलग्न ६ जनालाई १ नम्बर प्रदेश प्रहरी तालीम केन्द्र रानी विराटनगरले पक्राउ गरेको हो । उनीहरु उपर शिक्षा ऐन, २०२८ को दफा १७ को १ (क) बमोजिम परीक्षा सम्बन्धी कसूरमा जिल्ला प्रशासन कार्यालय मोरङबाट ५ दिन म्याद लिई थप अनुसन्धान कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

### डुबेर १ जनाको मृत्यु

बाँके । कोहलपुर नगरपालिका-१४ पार्बतिपुर बस्ने काशी राम मगताकी छोरी १० वर्षीया सुभ मगताको नहरमा नुहाउने क्रममा डुबेर आइतबार दिउँसो मृत्यु भएको छ । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

